जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे


Janakpur Today Daily

www.ejanakpurtoday.com




वर्ष २७ •अंक २३४ • २०८२ साल माघ ८ गते विहीबार (22 January, Thursday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## केन्द्रीय सुरक्षा समितिले सामाजिक सञ्जालमा निगरानी बढाइने



**टुडे समाचारदाता**

काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले सामाजिक सञ्जालमा निगरानी बढाइने जनाइएको छ।

गृहमन्त्री अर्यालको अध्यक्षतामा केन्द्रीय सुरक्षा समितिको नियमित बैठक सम्पन्न भएको छ। आसन्न निर्वाचन केन्द्रित सुरक्षा रणनीतिबारे छलफल गर्न गृह मन्त्रालयमा बैठक बसेको थियो।

गृहमन्त्री अध्यक्ष रहेको समितिको बैठकमा गृह र रक्षा सचिवका साथै चारवटै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि रहने व्यवस्था रहेको छ।

उक्त बैठकमा आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी केन्द्रीय सुरक्षा समितिबाट यसअघि नै पारित भइ कार्यान्वयनमा रहेको एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ बमोजिम जिम्मेवार निकायहरूले सम्पादन गरिरहेका कार्यहरू, जनशक्ति परिचालन तथा बन्दोबस्तीका योजनाबारे समीक्षा गरिएको छ। निर्वाचन सुरक्षा योजना सम्बन्धमा चारवटै सुरक्षा निकायले गरेका तयारीका सम्बन्धमा बैठकमा ब्रिफिङ गरिएको थियो। उक्त बैठकमा सुरक्षा अवस्था र सुरक्षा चुनौतीबारे विश्लेषण समेत भएको थियो। बैठकमा सबै सुरक्षा निकायले समन्वय गरेर प्रभावकारी सुरक्षा व्यवस्था मिलाउनेबारे छलफल भएको छ।

बैठकबाट निर्वाचनको कार्यक्रममा समन्वय गर्न गठन गरिएका सबै संयन्त्रहरूलाई सक्रिय बनाउने निर्णय गरेको छ। त्यस्तै राजनीतिक दल र उम्मेदवारहरूको प्रचार-प्रसार र अभियानलाई व्यवस्थित गराउन सुरक्षा व्यवस्थालाई सुदृढ र भरपर्दो बनाउन सबै जिल्ला सुरक्षा समितिलाई निर्देशन दिने निर्णय गरिएको छ। निर्वाचनको प्रचार-प्रसारका क्रममा सामाजिक सञ्जालको दुरुपयोगलाई नियन्त्रण गर्न यसको निगरानीलाई प्रभावकारी बनाउने र गैरकानुनी भएको पाइएमा त्यसको कडाइका साथ कारबाही गर्ने निर्णय भएको उनले जानकारी दिए।

### प्रतिनिधिसभा सदस्य निर्वाचनः दुई चर्चित क्षेत्र

# बालेन-ओली र गगन-अमरेशको रोचक चुनावी प्रतिस्पर्धा

**झापा- ५** **सर्लाही- ४**



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधिसभा सदस्यको निर्वाचनको १६५ वटै चुनाव क्षेत्रमा दल तथा स्वतन्त्र उम्मेदवारहरू मैदानमा उत्रिसकेका छन् । चुनावी उम्मेदवारी दर्ता गरिएपछि देशका दुई क्षेत्रका उम्मेदवारको अहिले निकै चर्चामा छ।

चारपटकका प्रधानमन्त्री बनिसकेका नेकपा एमालेका केपी शर्मा ओली र काठमाण्डु महानगरपालिकाका पूर्वमेयरसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साहले उम्मेदवारी दिएपछि प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नम्बर ५ निकै चर्चामा रहेको छ।

दोस्रो संविधानसभाबाट क्रमशः तीनवटा चुनाव जितेका पूर्वप्रधानमन्त्री ओलीको क्षेत्र हो झापा क्षेत्र नम्बर ५ । अहिले उनीसंग काठमाण्डुका पूर्वमेयर बालेन भिड्ने भएपछि सो क्षेत्र निकै चर्चामा आएको छ।

लौरो चुनाव चिह्न लिएर ६१ हजार ७ सय ६७ मत ल्याएर बालेन निर्वाचित भएका थिए । २० हजारभन्दा धेरै मतान्तरले निर्वाचित उनी अहिले लौरो छोडेर घण्टी बोकेर हिँडेका छन्।

उनलाई रास्वपाले भावी प्रधानमन्त्रीको रूपमा उभ्याएपछि पनि सबैको नजर सो क्षेत्रमा परेको छ। जसले गर्दा सो क्षेत्रको निर्वाचनमा सबैको ध्यान केन्द्रित भएको छ । काठमाण्डुका पूर्वमेयर तथा प्रधानमन्त्री बन्ने पहिलो मूल मधेशीको रूपमा उनलाई मैदानमा उतारिएको रास्वपाले जनाएको छ।

यता सो क्षेत्रबाट ओली पनि चुनावमा होमिएका छन्। अघिल्लो निर्वाचनमा ५२ हजार ३ सय १९ मत ल्याएर निर्वाचित भएका थिए । ओलीको निकटतम प्रतिस्पर्धीभन्दा झण्डै ३० हजार मतान्तर थियो । अहिले आफ्नो पूर्वचुनावी विजयमा अत्यन्तै धेरै मतान्तरले निर्वाचित भएका ओली र बालेन दुवैको जनमतको परीक्षण झापा- ५ ले गर्ने भएको छ।

मधेशको जिल्ला सर्लाहीमा निर्वाचन लड्न पहिलोपटक नेपाली कांग्रेसका नवनिर्वाचित सभापति गगनकुमार थापाले काठमाण्डु क्षेत्र नम्बर ४ मा २०७० बाट लगातार तीनपटक निर्वाचन जित्दै आएका छन् । यसपटक सभापति थापा भने मधेश ओर्लिएका छन्।

उनको पूर्वकांग्रेसी अमरेशकुमार सिंहसंग निर्वाचनमा प्रतिस्पर्धा हुने भएको छ । नेपाली कांग्रेसको चुनावी गढ मानिने क्षेत्र हो सर्लाही- ४ । २०७९ सालको प्रतिनिधिसभाको चुनावमा कांग्रेसले टिकट नदिएपछि स्वतन्त्र उठेर अमरेशकुमार सिंहले जितेका थिए। सिंह स्वतन्त्र उम्मेदवारको रुपमा २० हजार १७ मत ल्याएका थिए । सिंहले कांग्रेसका उम्मेदवार थापा भन्दा १ हजार ७ सय बढी मतान्तरले निर्वाचित भएका थिए।

सभापति थापाले पनि राम्रो मतान्तरले जित्दै आएका उम्मेदवार छन् । २०७९ सालको प्रतिनिधिसभाको चुनावमा थापाले २१ हजार ३ सय २ मत ल्याएका थिए । त्यो उनका निकटतम प्रतिस्पर्धीभन्दा ७ हजार ४ सय ४७ बढी मत हो। बागी उठेरसमेत निर्वाचित भएका सिंहसंग अहिले रास्वपाको लहरको पनि साथ छ भने भावी प्रधानमन्त्रीको रूपमा चित्रित गरिएका सभापति थापालाई मत दिनेहरू पहिलेभन्दा अहिले उत्साहित छन्। यी दुबै जनामा सर्लाहीका मतदाताले यसपटक कुन उम्मेदवारलाई मत दिएर निर्वाचित गराउँछन् भन्ने चर्चाको विषय बनेको छ।

कांग्रेसका सभापति थापा उम्मेदवार बनेको सर्लाही- ४ मा एमालेले अन्तिम समयमा आफ्नो उम्मेदवार नै परिवर्तन गरेको छ । एमालेले आफ्नै पार्टीका पुराना कार्यकर्ता रविशंकर कुशवाहालाई सर्लाही- ४ मा उम्मेदवार बनाएको छ । कुशबाहा निर्वाचन अधिकृतको कार्यालयसमेत पुगिसकेका थिए।

तर अन्तिम समयमा एमालेका अध्यक्ष ओलीले कुशवाहाको ठाउँमा अमनिश कुमार यादवलाई उम्मेदवार बनाइएको पत्र पठाए।

अमनिश सोमबार मात्रै नेकपा परित्याग गरी एमाले प्रवेश गरेका शिवपुजन रायका छोरा हुन्।

रायले आफ्ना छोरालाई सर्लाही- ४ को टिकट दिन नेकपाका संयोजक प्रचण्डलाई दबाब दिए पनि प्रचण्डले सो क्षेत्रमा रायका छोरालाई टिकट नदिइ रगनिश राय यादवलाई टिकट दिएका छन्।

# साक्षीले बयान फेर्दा आपत




**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारी साक्षीले नै प्रतिकूल बयान दिएपछि विशेष अदालतमा उनीमाथि नै नयाँ भ्रष्टाचारको मुद्दा दायर गरिएको छ।

विशेष अदालतमा विचाराधीन गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा सरकारी साक्षीका रूपमा पेश भएका व्यक्तिविरुद्धै भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

विशेष अदालत काठमाण्डुमा दर्ता भएको मुद्दा नं. ०८१-सीआर-०११६ अन्तर्गत नेपाल सरकार वादी र रामबाबु महतो कोइरी प्रतिवादी रहेको गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा सरकारी साक्षी बनेका जीवराज पोखरेलले अदालतमा आयोगमा दिएको बयान विपरीत बकपत्र दिएको पुष्टि भएपछि उनीविरुद्ध अनुसन्धान अघि बढाइएको छ।

अनुसन्धानका क्रममा जिल्ला महोत्तरीको बर्दिवास नगरपालिका-६ का जीवराज पोखरेलले आफ्नो श्रीमती सावित्री पोखरेलको नाममा रहेको जिल्ला धनुषाको हरिहरपुर वडा नम्बर १ स्थित कित्ता नं. २६१५ र १६०१ को जग्गा मिति २०७२ माघ ११ मा प्रतिवादी रामबाबु महतो कोइरीकी श्रीमती माला कुमारी महतोको नाममा रजिष्ट्रेशन पास गराएको देखिएको छ। उक्त रजिष्ट्रेशन लिखतमा थैली अंक २५ लाख रुपैयाँ मात्र उल्लेख गरिए पनि वास्तविक कारोबार मूल्य ५२ लाख २३ हजार रुपैयाँ रहेको प्रमाणबाट खुलेको छ।

अनुसन्धानमा उक्त जग्गा बिक्रीवापतको सम्पूर्ण रकम ५२ लाख २३ हजार रुपैयाँ जीवराज पोखरेलले आफ्नै बैंक खातामा प्राप्त गरेको बैंक स्टेटमेन्टबाट पुष्टि भएको आयोगले जनाएको छ । सोही आधारमा उनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम पूर्ण छुट दिई तत्कालीन अवस्थामा प्रतिवादी नबनाई सरकारी साक्षीका रूपमा पेश गरिएको थियो।

तर मिति २०८२/०८/१५ गते विशेष अदालत, काठमाण्डुमा बकपत्र गर्दा उनले आयोगमा दिएको बयानविपरीत तथ्य प्रस्तुत गरी प्रतिकूल बकपत्र दिएको पुष्टि भएपछि पुनः कानुनी कारबाही अघि बढाइएको छ।

आयोगका अनुसार बैंक खातामा देखिएको रकमबाट रजिष्ट्रेशनमा देखाइएको थैली अंक घटाउँदा बाँकी २७ लाख २३ हजार रुपैयाँ बराबरको कारोबार लुकाइछिपाइ आपसी मिलेमतोमा मुख्य प्रतिवादी राम बाबु महतो कोइरीलाई गैरकानूनी सम्पत्ति आर्जन गर्न सहयोग पुर्‍याएको देखिएको छ।

यसरी मतियारका रूपमा भूमिका निर्वाह गरेको पुष्टि भएपछि जीवराज पोखरेलविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम कसूर ठहर गरिएको छ।

आयोगले प्रतिवादी जीवराज पोखरेलविरुद्ध बिगो २७ लाख २३ हजार रुपैयाँ कायम गरी सोही ऐन अनुसार कैद र जरिवानाको सजाय मागदाबी लिइ बुधबार विशेष अदालत, काठमाण्डुमा आरोपपत्र दायर गरेको जनाएको छ।

# पाँच जनाविरुद्ध उजुरी, नेपालको उजुरी दरपीठ

**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मनोनयन दर्ता गराएका पूर्वप्रधानमन्त्री तथा नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का सहसंयोजक माधवकुमार नेपाल र नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीसहित पाँच जनाको उम्मेदवारीविरुद्ध उजुरी परेको छ। तर सो उजुरी निर्वाचन आयोगको कार्यालयले दरपीठ गरेको छ।

आयोगले जनाए अनुसार रौतहट-१ का एक जना र कैलाली-१ का एक जना, सुनसरीको निर्वाचन- २ का एकजना, भक्तपुर-२ का दुई जना उम्मेदवारको योग्यतामाथि प्रश्न उठेहो छ । यी उजुरीहरूमाथि सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयले छानबिन गरी टुंग्याइने आयोगका सहायक प्रवक्ता कुल जिसीले बताए।

रौतहट- १ बाट उम्मेदवारी दिएका सहसंयोजक नेपालविरुद्ध सोही क्षेत्रका उम्मेदवार रामनरेश राय यादवले उजुरी दिएका छन्। नेपालमाथि पतञ्जलि योगपीठलाई जग्गा उपलब्ध गराउँदा सरकारी निर्णयको दुरुपयोग गरेको र भ्रष्टाचार मुद्दाको दायरामा रहेको आरोप लगाइएको छ।

त्यस्तै कैलाली- १ बाट उम्मेदवारी दिएका नागरिक उन्मुक्ति पार्टी नेपालका नेता रेशम चौधरीको उम्मेदवारीमाथि पनि उजुरी परेको छ। टीकापुर घटनामा संलग्न रहेको र अदालतबाट दोषी ठहर भइ कैद भुक्तान गरिरहेको अवस्थामा उनी उम्मेदवार बन्न नपाउने जिकिर उजुरीमा गरिएको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ ले गम्भीर फौजदारी कसुरमा सजाय पाएका व्यक्तिको उम्मेदवारीलाई निषेध गरेको आधारमा उनको मनोनयन खारेजीको माग गरिएको छ।

भक्तपुर-२ मा दुई उम्मेदवार संकटमा भक्तपुर- २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार राजीव खत्री र नेपाल जनसेवा पार्टीकी जानुका पाठकविरुद्ध उजुरी दर्ता भएको छ। उनले लाभको पदमा बहाल रहेको वा वैदेशिक रोजगारी सम्बन्धी विवादलाई कारण देखाइएको छ भने पाठकको हकमा कानुनी प्रक्रियागत त्रुटि र फौजदारी आचरणको प्रश्न उठाइएको आयोग स्रोतले जनाएको छ।



## प्रतिनिधिसभा निर्वाचनः

# मनोनयनमा उत्साह




जलेश्वर । प्रतिनिधिसभा निर्वाचनलाई लिएर यहाँका मतदातामा उत्साह छाएको छ । राजनीतिक दलका स्थानीय नेता तथा कार्यकर्तामात्र होइन, मताधिकार नपाएकाहरू पनि चुनावको चर्चामा लागेका छन् । यो चर्चा चिया पसलदेखि हाटबजारसम्म फैलिएको छ ।

मङ्गलबार उम्मेदवारको मनोनयनपत्र दर्तासँगै आम जनमानसमा चुनावी चर्चा चलेको हो । महोत्तरीका चार प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा १४३ जनाले मनोनयनपत्र दर्ता गराएपछि जिल्लामा चुनावको वातावरण बनेको छ ।

मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीका अनुसार क्षेत्र नं १ मा २७, महोत्तरी-२ मा ३७, महोत्तरी-३ मा ४२ र महोत्तरी-४ मा ३७ जनाले उम्मेदवारी दर्ता गराएका जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । जिल्लाभरिमा १३ जना महिला उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । जसमा क्षेत्र नं १ मा चार, २ मा पाँच, ३ मा दुई र ४ मा दुई जना छन् ।

चारवटै निर्वाचन क्षेत्रमा शान्तिपूर्वक उत्साहजनक मनोनयनपत्र दर्ता कार्यक्रम सम्पन्न भएको जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो । यसअघि मनोनयनपत्र दर्ता कार्यक्रमअघि गत सोमबार चारवटै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतको कार्यालयमा सम्पन्न सर्वपक्षीय बैठकले निर्वाचन आचारसंहिताको सबै पक्षबाट पूर्ण परिपालनाको प्रतिबद्धता जनाएको थियो, निर्वाचनका लागि उच्चतम सुरक्षा प्रबन्ध मिलाइएको प्रमुख जिल्ला अधिकारी यादवको भनाइ छ ।

महोत्तरीमा यसपालिको निर्वाचनका लागि चार लाख ३१ हजार २५२ मतदाता छन् । जसमा दुई लाख ३५ हजार १८३ पुरुष, एक लाख ९६ हजार ९७ महिला र अन्य दुई रहेका जिल्ला निर्वाचन कार्यालयले यसअघि नै जनाइ सकेको छ । रासस

# पर्सामा १०८ जनाको उम्मेदवारी

वीरगञ्ज । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ पर्सा जिल्लाको चारवटै निर्वाचन क्षेत्रमा एक सय आठ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख अनामिका रौनियारले मङ्गलबार बेलुका ७ बजेसम्म चारवटै निर्वाचन क्षेत्रमा १०८ जनाको उम्मेदवारी परेको जानकारी दिनुभयो । निर्वाचन क्षेत्र नम्बर १ मा ३० जनाको उम्मेदवारी दर्ता भएको छ । सो क्षेत्रमा नेपाली कांग्रेसबाट अनिल रुगंटा, नेकपा (एमाले)बाट प्रदीप यादव, राष्ट्रिय स्वतन्त्र पार्टीबाट हरि पन्त, जनमत पार्टीका ओमप्रकाश सर्राफलगायतको उम्मेदवारी परेको छ ।

क्षेत्र नम्बर २ बाट ३२ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । कांग्रेसबाट अजयकुमार चौरसिया, नेकपा (एमाले)बाट रिमाकुमारी यादव, राष्ट्रिय स्वतन्त्र पार्टीबाट




सुशिलकुमार कानुलगायतको उम्मेदवारी परेको छ ।

यस्तै क्षेत्र नम्बर ३ बाट २२ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । क्षेत्र नम्बर ४ बाट २४ उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । सो निर्वाचन क्षेत्रबाट नेपाली कांग्रेसबाट रमेश रिजाल, नेकपा (एमाले)बाट जालिम मियाँ मंसुरी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट टेकबहादुर शाक्य, नेपाली कम्युनिष्ट पार्टीबाट जयप्रकाश थारुलगायतको उम्मेदवारी परेको छ । रासस

# चोरीको मोटरसाइकलसहित तीन जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । मोटरसाइकल चोरीमा संलग्न गिरोहका तीन जनालाई जिल्ला प्रहरी कार्यालय पर्साले बुधबार सार्वजनिक गरेको छ । सार्वजनिक गरिएका तीनै जना १९ वर्ष उमेरका युवा रहेका छन् ।

पक्राउ परेकाहरुमा वीरगन्ज महानगरपालिका-१३ श्रीपुरका १९ वर्षीय साहिलकुमार रौनियार र १९ वर्षीय श्यामबाबु ठाकुर तथा भारत बिहार राज्य पुर्वी चम्पारण जिल्ला सुगौली घर भई हाल वीरगन्ज-१३ बस्ने १९ वर्षीय रोशनकुमार गुप्ता छन् । उनीहरुको साथबाट चोरीको मोटरसाइकलसमेत बरामद गरिएको छ ।

माघ ५ गते बेलुका साढे ८ बजे वीरगन्ज-१३ राधेमाईस्थित सडकमा वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको गस्ती टोलीले साहिलकुमार रौनियारलाई शंकास्पद रूपमा मोटरसाइकल डोऱ्याई लगिरहेको अवस्थामा नियन्त्रणमा लिएको थियो । उक्त मोटरसाइकल जाँच तथा उनको शरीर खानतलासी गर्दा मोटरसाइकलमा पछाडिपट्टी नम्बर प्लेट नरहेको, साँचो नरहेको, अगाडिको तारहरु काटिएको र अगाडिपट्टी बिआर ०५ एक्यु ६९२४ भारतीय नम्बर प्लेटको मोटरसाइकल फेला परेको थियो ।



प्रहरीको सोधपुछपछि रौनियारले आफूले उक्त मोटरसाइकल अन्य दुई साथीहरुसँग मिली वीरगन्ज-१३ दृष्टि आँखा अस्पताल क्षेत्रबाट रातिको समयमा चोरी गरेको र ठाकुरको कोठामा लुकाइराखेको स्वीकारेका थिए । प्रहरीले उनीहरुबाट थप दुई गरी तीन वटा चोरीको मोटरसाइकल बरामद गरेको जनाएको छ । उनीहरुविरुद्ध चोरी तथा डाँकासम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिइ अनुसन्धान कार्य भइरहेको पर्सा प्रहरी प्रवक्ता डीएसपी हरिबहादुर बस्नेतले जानकारी दिएका छन् ।

# सप्तरी-२ मा जनमतका अध्यक्ष, पूर्वमन्त्री र पूर्वमुख्यमन्त्री चुनावी मैदानमा



**टुडे समाचारदाता**

राजविराज । सप्तरी क्षेत्र नम्बर २ मा जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउत, पूर्वसिचाइँमन्त्री उमेशकुमार यादव, पूर्वमुख्यमन्त्री सतीशकुमार सिंहलगायत ३४ जना चुनावी मैदानमा उत्रिएका छन् । उनीहरूले मंगलबार राजविराज-७ स्थित जिल्ला खेलकुद विकास समितिको कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालय आएर उम्मेदवारी दर्ता गराएका छन् ।

पूर्वसिचाइँमन्त्री यादवले जनता समाजवादी पार्टी (जसपा) नेपाल, पूर्वमुख्यमन्त्री सिंहले स्वाभिमान पार्टीबाट उम्मेदवारी दर्ता गराएका हुन् । यहीँ क्षेत्रबाट दोहोऱ्याएर उम्मेदवारी दिएका राउतले २०७९ को निर्वाचनमा ३५ हजार ३२ मत ल्याएर निर्वाचित भएका थिए । २०७९ कै निर्वाचनमा जनमत पार्टीबाटै सिंहले २(क) मा १६ हजार ४३४ मत ल्याएर निर्वाचित भएका थिए । केही दिनअघि सिंहले जनमत पार्टी र प्रदेशसभा सदस्यबाट राजीनामा दिएका थिए ।

२०७० सालको संविधानसभा चुनावमा सप्तरी-३ बाट निर्वाचित भएका पूर्वसिँचाइमन्त्री यादवले २०७४ मा जसपा अध्यक्ष उपेन्द्र यादवसँग चुनाव लडेका थिए । तत्कालीन नेकपा माओवादी केन्द्रबाट चुनाव लडेका उनले यादवले ११ हजार ५७९ मत ल्याउँदा उपेन्द्रले २१ हजार ६२० मत प्राप्त गरेका थिए ।

नेपाली कांग्रेसबाट रामकुमार यादवले उम्मेदवारी दर्ता गराएका छन् । उनी पार्टीका जिल्ला कार्यसमितिका उपसभापति हुन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का युवा उम्मेदवार रामजी यादवले उम्मेदवारी दर्ता गराएका छन् । पेसाले इञ्जिनियरसमेत रहेका उनी राजविराज नगरपालिकाका पूर्वनगरप्रमुख शम्भु यादवका छोरी ज्वाइँ हुन् ।

नेकपा एमालेबाट मो.जियाउल रहमान, नेपाल कम्युनिस्ट पार्टीबाट सूर्यनाथ यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालबाट अनिश अन्सारी, उज्यालो नेपाल पार्टीबाट दीपक चौधरी, नेपाल जनता पार्टीबाट रन्जुकुमारी झा (ठाकुर), श्रम संस्कृति पार्टीबाट त्रिभुवन खंग, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अजयकुमार दास, नेपाल मजदुर किसान पार्टीबाट निलमकुमारी यादवलगायत २० जना राजनीतिक दलबाट र १४ जना स्वतन्त्र गरी ३४ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

जनमतका अध्यक्ष राउतले नै सिंहलाई मुख्यमन्त्रीसमेत बनाएका थिए । तर उनी अहिले राउतविरुद्ध नै स्वाभिमान पार्टीबाट उम्मेदवारी दिएका छन् ।

# माघ २० भित्र हातहतियार बुझाउन प्रशासनको आग्रह




**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्लाभित्र रहेका इजाजतप्राप्त हातहतियार तथा खरखजाना अनिवार्य रूपमा बुझाउन जिल्ला प्रशासन कार्यालय धनुषाले निर्देशन दिएको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्त, सुरक्षित र विश्वसनीय बनाउन यस्तो निर्देशन दिएको छ ।

जिल्ला प्रशासन कार्यालय धनुषाले जारी गरेको सूचनाअनुसार जिल्लामा रहेका सबै इजाजतप्राप्त हातहतियार माघ २० गतेभित्र जिल्ला प्रहरी कार्यालय धनुषा वा नजिकको प्रहरी इकाइमा लगत कायम गरी बुझाउनुपर्नेछ ।

निर्वाचनको समयमा कुनै पनि सुरक्षा जोखिम नहोस् भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको कार्यालयले जनाएको छ ।

प्रहरी इकाइमा बुझाइएका हातहतियार निर्वाचन सम्पन्न भएको एक महिनापछि सम्बन्धित धनीले फिर्ता पाउने छन् ।

तोकिएको समयसीमामा हातहतियार नबुझाएमा प्रचलित कानूनअनुसार कारबाही हुने चेतावनी समेत प्रशासनले दिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहालले निर्वाचनलाई निष्पक्ष, भयरहित र मर्यादित बनाउन सबै सरोकारवाला पक्षको सहयोग आवश्यक रहेको उल्लेख गर्दै सूचनाको पूर्ण पालना गर्न सर्वसाधारणलाई आग्रह गरेका छन् ।

# रौतहटमा प्रहरी हवल्दार हरिन्द्र कुमार साह 'पुस महिनाको उत्कृष्ट प्रहरी' घोषित



**टुडे समाचारदाता**

रौतहट । विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पूर्ण पालना गर्दै व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले आफ्नो जिम्मेवारी निर्वाह गरेवापत रौतहटमा कार्यरत्त प्रहरी हवल्दार हरिन्द्र कुमार साह 'पुस महिनाको उत्कृष्ट प्रहरी' घोषित भएका छन् ।

जिल्ला सशस्त्र प्रहरी गुल्म बारा दरबन्दी भइ हाल यस कार्यालयमा कार्यरत हवल्दार साहले उच्च मनोबल र साहसका साथ कर्तव्यपथमा तल्लीन रहँदै समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै आएकोमा पुस महिनाको उत्कृष्ट प्रहरी घोषित भएका हुन् ।

जिल्ला प्रहरी कार्यालयमा एक कार्यक्रमको आयोजना गरी मंगलबार रौतहट प्रहरी प्रमुख एसपी रबिन कार्कीले हवलदार साहलाई टिका लगाएर खाँदा ओढाई कदरपत्रबाट सम्मानित गरेका थिए । उक्त अवसरमा जिल्ला प्रहरी प्रवक्ता डिएसपी बिष्णु प्रदीप बस्याल सहित अन्य प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो ।

उत्कृष्ट घोषित भएका हवलदार साहले जिल्लामा रहेका विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थासंग आवश्यक समन्वय गरी विविध जनचेतनामूलक कार्यक्रमहरू तदारुकताका साथ सञ्चालन गरेका थिए । यसका साथै जिल्लाभित्र रहेका विभिन्न स्थानीय एफ.एम. रेडियोहरूसँग सहकार्य गर्दै स्थानीय स्तरमा घटिरहेका घटनालाई लक्षित कार्यक्रमहरूको योजना, तयारी र प्रचार-प्रसारमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

प्रहरी हवल्दार साहको सक्रियताले आमनागरिकमा शान्ति सुरक्षा प्रतिको विश्वास बढ्नुका साथै प्रहरीको छवि उच्च बनाउन उल्लेखनीय योगदान पुगेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

निजले गरेको उत्कृष्ट कार्य सम्पादनको उच्च मूल्याङ्कन गर्दै २०८२ साल पुस महिनाको ' महिनाको उत्कृष्ट प्रहरी' का रूपमा प्रशंसा-पत्र प्रदान गरिएको हो। सो अवसरमा प्रहरी हवल्दार साहको व्यक्तिगत तथा व्यवसायिक जीवनको उत्तरोत्तर सफलताको कामना समेत व्यक्त गरिएको छ ।

# पूर्वमहानिर्देशक मिश्रसंग माग्यो ५ लाख धरौटी

**टुडे समाचारदाता**



जनकपुरधाम । स्वास्थ्य सेवा विभागकी तत्कालीन महानिर्देशक डा. संगिता कौशल मिश्रालाई म्यामोग्राफी मेसिन खरिदसम्बन्धी भ्रष्टाचार मुद्दामा विशेष अदालतले ५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ ।

न्यायाधीश नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको संयुक्त इजलासले मिश्रासँग धरौटी माग गर्ने निर्णय गरेको हो ।

विशेष अदालतका प्रवक्ता यज्ञराज रेग्मीका अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको अभियोगपत्रमा आर्थिक वर्ष ०८०/८१ मा गरिएको म्यामोग्राफी मेसिन खरिद प्रक्रियामा शुरुदेखि नै अनियमितता भएको उल्लेख छ ।

अभियोगपत्रमा ठेकेदार कम्पनीसँग मिलेमतो गरी अस्वाभाविक लागत अनुमान तयार पारिएको, गलत प्राविधिक प्रतिवेदन बनाइएको र झुट्टा बिलका आधारमा भुक्तानी लिइएको आरोप लगाइएको छ ।

अख्तियारका अनुसार खरिद प्रक्रियामा विभागभित्रका कर्मचारीहरूको सक्रिय संलग्नता देखिएपछि अधिकांश कर्मचारीलाई समेत प्रतिवादी बनाइएको छ ।

म्यामोग्राफी मेसिन खरिदमा प्रतिस्पर्धा सीमित पार्ने, मूल्य बढाएर देखाउने र सरकारी रकम हिनामिना गर्ने उद्देश्यले योजनाबद्ध

**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन कनकपट्टीबाट जनकपुर आउने क्रममा मिति २०८२/०९/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : रोहित कुमार यादव**
**सिम्बोल नं.:** २१७०२२७६
**रजिष्ट्रेशन नं.:** ८०२१७०१११२१०
ठेगाना:जि.ध. जनकपुरधाम उ.म.न.पा.-१७
मो.नं. ९८४३११९७८४

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | काममा धैर्य देखाउँदा सफलताको बाटो खुल्छ । |
| वृष : | आर्थिक पक्षमा सन्तुलन कायम गर्न सक्नुहुन्छ । |
| मिथुन : | बोली र व्यवहारमा संयमता आवश्यक छ । |
| कर्कट : | आज भावनामा बग्ने सम्भावना बढी हुन्छ । |
| सिंह : | आज नेतृत्व क्षमता उजागर हुनेछ । काममा प्रशंसा पाउने योग छ । |
| कन्या : | आज सानो गल्तीले ठुलो असर गर्न सक्छ । |
| तुला : | सन्तुलित सोचले सही बाटो देखाउँछ । |
| वृश्चिक : | काममा मेहनतको उचित फल मिल्नेछ । |
| धनु : | आज नयाँ अवसरको ढोका खुल्न सक्छ । |
| मकर : | काममा धैर्य र निरन्तरता आवश्यक छ । |
| कुम्भ: | आज नयाँ विचारले मन आकर्षित गर्छ। मित्रबाट सहयोग मिल्नेछ । |
| मीन : | आध्यात्मिक सोच बढ्न सक्छ । काममा ध्यान दिए सफलता मिल्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बाँसखर्कमा 'मुख्यमन्त्री नवप्रर्वतन' कार्यक्रम



म्याग्दी । पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कमा 'मुख्यमन्त्री नवप्रर्वतन' कार्यक्रम सञ्चालन भएको छ ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र जलजला गाउँपालिका कार्यालयबीच कार्यक्रमअन्तर्गत बाँसखर्कको सुन्तला बगैँचामा ' पम्पिङ' प्रणालीमार्फत स्थायी सिँचाइ कार्यक्रम कार्यान्वयनका लागि सम्झौता भएको हो ।

गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्य र मुख्यमन्त्री कार्यालयका सचिव कृष्णप्रसाद लम्सालबीच मङ्गलबार पोखरामा कार्यक्रम सञ्चालनसम्बन्धी सम्झौता भएको हो । चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्नुपर्ने रु एक करोड लागत अनुमान गरिएका कार्यक्रमका लागि प्रदेश सरकारले रु ७५ लाख र गाउँपालिकाले रु २५ लाख लगानी गर्ने छन् ।

गण्डकी प्रदेशमा सबैभन्दा बढी सुन्तलाखेती हुने बाँसखर्कमा सिँचाइ समस्याको दीर्घकालीन समाधानका लागि गाउँपालिकाले प्रदेश सरकारसँग प्रस्ताव गरेको कार्यक्रम छनोट भएपछि कार्यान्वयनका लागि सम्झौता गरिएको हो । बाँसखर्क भएर मल्लाजमा पानी लैजाने सिँचाइ योजनाको नहरभन्दा माथिको बगैँचामा पम्पिङ र तलमाथि दुवैतिर हरेक चार सयदेखि पाँच सय बोटका लागि १० हजार लिटर क्षमताको ट्याङ्की बनाएर स्थायी किसिमले सिँचाइको व्यवस्था मिलाउने योजना छ ।

समुद्र सतहदेखि एक हजार १०० देखि एक हजार ९०० मिटर उचाइमा रहेको बाँसखर्कका दुई सय ३९ मध्ये दुई सय परिवारले सुन्तलाखेती गरेका छन् । बाँसखर्कको एक हजार ५०० रोपनी जग्गामा सुन्तलाखेती भएको वडाध्यक्ष जगबहादुर रोकाले बताउनुभयो । रासस

# नेपाल र भारतबीच निकासी पूर्व सूचना आदानप्रदानसम्बन्धी समझदारी

काठमाण्डु । नेपाल र भारतबीच निकासी गरिने वस्तु गन्तव्यमा आइपुग्नु अगावै सूचना आदानप्रदान गर्नेसम्बन्धी समझदारी भएको छ । आज भारतको नयाँदिल्लीमा आयोजित एक औपचारिक कार्यक्रममा नेपालको तर्फबाट भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारी र भारतको तर्फबाट केन्द्रीय अप्रत्यक्ष कर तथा सीमा शुल्क बोर्ड (सिबीआइसी) का अध्यक्ष विवेक चतुर्वेदीले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको हो ।




अन्तरराष्ट्रिय अभ्यासअनुसार प्रमुखव्यापारिकसाझेदारमुलुकबीच जोखिम व्यवस्थापनमार्फत व्यापार सहजीकरण गर्न निकासी हुने वस्तुको तथ्याङ्क अग्रिम रूपमा आदानप्रदान गर्ने व्यवस्था रहँदै आएको छ । सोही अभ्यासलाई आत्मसात् गर्दै नेपाल र भारतबीच निकासी हुने वस्तुको तथ्याङ्क अग्रिम रूपमा आदानप्रदान गर्ने उद्देश्यले भारतको सिबीआईसी र नेपालको भन्सार विभागको सहकार्यमा समझदारीपत्रको मस्यौदा तयार गरिएको थियो । मस्यौदामाथि सरोकारवालासँग छलफल गरी अन्तिम रूप दिइएको समझदारीपत्रलाई नेपाल सरकार (मन्त्रिपरिषद्) ले स्वीकृत गर्दै भन्सार विभागका महानिर्देशकलाई हस्ताक्षर गर्ने अख्तियारी प्रदान गरेको थियो ।

समझदारीपत्रमा जोखिम विश्लेषणमार्फत भन्सार नियन्त्रण र व्यापार सहजीकरणलाई थप प्रभावकारी बनाउने, भन्सार प्रक्रियामा लाग्ने समय घटाई सुरक्षित अन्तरराष्ट्रिय व्यापार सुनिश्चित गर्ने, राष्ट्रिय कानुनले तोकेको सीमाभित्र रही विद्युतीय माध्यमबाट निकासी तथ्याङ्क आदानप्रदान गर्ने, सूचनाको उपयोग समझदारीपत्र अनुसार मात्र गर्ने, कार्यान्वयनका लागि सम्पर्क अधिकारी तोक्ने, दुवै पक्षबीच सहमति भइ तोकिएका वस्तुमा नमूनाका रूपमा कार्यान्वयन गरी क्रमशः सबै वस्तुमा लागू गर्ने व्यवस्था गरिएको छ । साथै, कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा कूटनीतिक माध्यमबाट आपसी सहमतिमा समाधान गर्ने तथा आपसी समझदारीमा संशोधन गर्न सकिने प्रावधान पनि रहेको अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले जानकारी दिनुभयो ।

उक्त अवसरमा भन्सार विभागका महानिर्देशक भण्डारीले समझदारीपत्रमा हस्ताक्षर कार्यक्रम आयोजना गरेकोमा भारतीय पक्षप्रति धन्यवाद व्यक्त गर्दै यसलाई यथाशीघ्र कार्यान्वयनमा लैजान जोड दिनुभयो । उहाँले यसले दुवै देशका भन्सार प्रशासनबीचको सम्बन्धलाई थप सुदृढ बनाउने, निकासी पूर्व तथ्याङ्क आदानप्रदानबाट जोखिम विश्लेषण सुदृढ भई जोखिमयुक्त वस्तुको निगरानी तथा नियमन प्रभावकारी हुने र सही कारोबार गर्ने व्यवसायीलाई थप सहजीकरण गर्दै भन्सार जाँचपास प्रक्रिया छिटोछरितो र सहज बनाउन सहयोग पुग्ने बताउनुभयो ।

त्यसैगरी, सिबीआईसीका अध्यक्षविवेकचतुर्वेदीलेनेपालसँग यस्तो महत्वपूर्ण समझदारीपत्रमा हस्ताक्षर हुनुलाई खुसीको विषय भएको उल्लेख गर्दै यसको शीघ्र र प्रभावकारी कार्यान्वयनका लागि भारत सरकार पूर्ण प्रतिबद्ध रहेको बताउनुभयो । रासस

# देशमा पश्चिमी वायुको आंशिक प्रभाव कायम, तराईमा हुस्सु लाग्ने



काठमाण्डु । हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव कायम छ । मौसम पूर्वानुमान महाशाखाका अनुसार आज दिउँसो तराई भू-भागका केही स्थानमा हुस्सु लाग्ने सम्भावना छ ।

कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागमा आंशिक बदली रहने जनाइएको छ भने देशका बाँकी भागमा मौसम मुख्यतया सफा रहनेछ । तराई क्षेत्रमा बिहान र बेलुका बाक्लो हुस्सुका लाग्ने सम्भावना छ ।

कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा आंशिक बादल लाग्ने तथा अन्य भागमा मौसम सामान्यतया सफा रहने महाशाखाको पूर्वानुमान छ ।

महाशाखाले हुस्सु र कुहिरोका कारण हवाई सेवामा ढिलाइ हुनसक्ने तराईका विभिन्न विमानस्थलहरूमा दृश्यता घट्दा उडानमा अवरोध हुनसक्ने तथा लामो तथा छोटो दूरीका सवारी साधनका चालकलाई सतर्कता अपनाउन अनुरोध गरेको छ । रासस

# सतचालिस प्रहरीलाई ट्राफिक नियन्त्रण तालिम



काठमाण्डु । रामशाहपथस्थित उपत्यका ट्राफिक प्रहरी कार्यालयले ४७ जना प्रहरीलाई ट्राफिक नियन्त्रण तालिम प्रदान गरेको छ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्जको तत्वावधानमा सो कार्यालयमा सञ्चालित ट्राफिक नियन्त्रण तालिम १५५औं समूहअन्तर्गत उनीहरूलाई उक्त तालिम प्रदान गरिएको हो ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयमा मङ्गलबार आयोजित तालिम समापन कार्यक्रममा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले प्रशिक्षार्थीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

त्यस अवसरमा प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले तालिमका दौरानमा हासिल गरेका ज्ञान, सीपलाई कार्यक्षेत्रमा इमान्दारिताका साथ कार्यान्वयन गर्दै प्राप्त जिम्मेवारीलाई त्रुटिरहित ढङ्गबाट निर्वाह गरी नागरिकलाई सहज र सुरक्षित ट्राफिक व्यवस्थापनको महसुस गराउनुपर्नेमा जोड दिनुभयो ।रासस

## प्रतिनिधिसभा निर्वाचन :
# दाङमा १९ स्वतन्त्रसहित ६२ जनाको मनोनयन दर्ता

दाङ । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ अन्तर्गत दाङका तीवटै निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले उत्साहपूर्ण वातावरणमा मङ्गलबार मनोनयन दर्ता गराएका छन् । मुख्य निर्वाचन अधिकृत प्रकाशप्रसाद पण्डितका अनुसार दाङ निर्वाचन क्षेत्र नं १ मा १४, क्षेत्र नं २ मा २३ र क्षेत्र नं ३ मा २५ गरी ६२ जनाले उम्मेदवारी दर्ता गराएका हुन् । जसमा विभिन्न राजनीतिक दलका ४३ र स्वतन्त्र १९ गरी ६२ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

निर्वाचन क्षेत्र नं १ नेपाली कांग्रेसबाट योगेन्द्र चौधरी, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट रेवतीरमण शर्मा, नेपाली कम्युनिस्ट पार्टीबाट मेटमणी चौधरी, नेशनल रिपब्लिक नेपालबाट मीनबहादुर ठेडी मगर, मङ्गोल नेसनल अर्गनाइजेसनबाट खुमबहादुर गाहामगर, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट विनय बिसी, राष्ट्रिय परिवर्तन पार्टीबाट रञ्जित चौधरी, जनता समाजवादी पार्टीबाट भरतलाल चौधरी, राष्ट्रिय जनमोर्चाबाट गणेशप्रसाद आचार्य तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बाट प्रकाश शाही, स्वतन्त्रबाट कुलप्रसाद केसी र मणिराम यादव, रास्वपाबाट देवराज पाठकले उम्मेदवारी दर्ता गराउनुभएको छ ।

त्यसैगरी, क्षेत्र नं २ बाट कांग्रेसका किरणकिशोर घिमिरे, एमालेबाट शङ्कर पाखरेल, नेपाली कम्युनिष्ट पार्टीबाट निर्मल आचार्य, राष्ट्रिय जनमोर्चाबाट मनिराम खनाल, नेपाल मजदुर किसान पार्टीबाट नवीनकुमार शाहीले उम्मेदवारीको दर्ता गराउनुभएको छ । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीबाट बिपिनकुमार आचार्य, राष्ट्रिय जनमुक्ति पार्टीबाट रवीन्द्र उच्च नेपाली, राप्रपा ऋषिकेश पोखरेल, आम जनता पार्टीबाट कृष्णबहादुर सुनार, जनता समाजवादी पार्टीबाट ढुन्डीराज थापा, प्रगतिशील




लोकतान्त्रिक पार्टीबाट प्रतीक अधिकारी, मितेरी पार्टीबाट रेखबहादुर पुनमगर, नागरिक उन्मुक्ति पार्टीबाट झरेन्द्रबहादुर खत्री, मङ्गोल नेसनल अर्गनाइजेसनबाट अम्मरबहादुर बुढा, नेसनल रिपब्लिक नेपालबाट जितन पुन तथा स्वतन्त्र उम्मेदवारका रूपमा धर्मराज शर्मा, विष्णुविक्रम सेनवली, लालबहादुर खत्री, विष्णुकुमारी भुसाल, पदमप्रसाद पाण्डे, कल्पना लामा, समीर वली र बालाराम पौडेलले मनोनयन दर्ता गराउनुभएको हो ।

त्यस्तै, क्षेत्र नं ३ मा कांग्रेसका दीपक गिरी, एमालेबाट घनश्याम पाण्डेय, नेकपाका धनबहादुर मास्की, रास्वपाबाट कमल सुवेदी, राप्रपाबाट दामोदर भण्डारी, राष्ट्रिय जनमोर्चाबाट कमला जिसी, मङ्गोल नेसनलबाट घनश्याम चौधरी, मितेरी पार्टी नेपालबाट सन्तोष सिंह, जनता समाजवादी पार्टीबाट शोभा डाँगी, आम जनता पार्टीबाट पाण्डवी नेपाली रहनुभएको छ ।

त्यसैगरी, नेसनल रिपब्लिकबाट प्रितम चौधरी, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट घनश्याम डाँगी, संयुक्त नागरिक पार्टीबाट दरवीर कामी, श्रमसंस्कृति पार्टीबाट टोपबहादुर महतरा, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बाट बलबहादुर ओली, नागरिक उन्मुक्ति पार्टीबाट महेश चौधरी रहनुभएको छ । त्यसैगरी स्वतन्त्र उम्मेदवारमा भागिराम चौधरी, गोपाल वली, सुरेश नेपाली, प्रेमबहादुर वली, महेश डाँगी, यमबहादुर बस्नेत, भरत परियार, इन्द्रबहादुर बस्नेत र सप्रिक कँडेल रहनुभएको सहायक निर्वाचन अधिकृत टीका केसीले जानकारी दिनुभयो । रासस

# कञ्चनपुरका तीन क्षेत्रमा ५५ उम्मेदवारद्वारा मनोनयन दर्ता

दोधारा चाँदनी । ७ माघः आगामी फागुन २१ गते हुने प्रतिनिधीसभा निर्वाचनका लागि कञ्चनपुरमा ५५ जनाले मनोनयन दर्ता गराएका छन् । तीन निर्वाचन क्षेत्र रहेको कञ्चनपुरमा क्षेत्र नम्बर १ र २ मा १९/१९ जना तथा क्षेत्र नम्बर ३ मा १७ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार निर्वाचन क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसबाट गोपीप्रसाद उपाध्याय, राष्ट्रिय स्वतन्त्र पार्टीबाट जनकसिंह धामी, नेकपा (एमाले) बाट तारा लामा तामाङ र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट बीना मगरले उम्मेदवारी दर्ता गराउनुभएको छ । त्यसैगरी अनिल राना, मञ्जुदेवी सुनार, यादव सिंह र रुपादेवी विष्टले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् ।

राप्रपाबाट दिल्लीबहादुर शाही, नेपाल मजदुर किसान पार्टीबाट कटक जहादुर शाही, नागरिक उन्मुक्तीबाट कृष्णबहादुर चौधरी, संयुक्त नागरिकबाट दानियल विक, प्रगतिशिल लोकतान्त्रिक पार्टीबाट देवेन्द्रबहादुर शाही, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बाट पुरन राना थारु, उज्याले नेपालबाट माइकल तामाङले मनोनयन दर्ता गराएका छन् । त्यसैगरी राष्ट्रिय जनमोर्चाबाट राजाराम डँगौरा, आम जनता पार्टीबाट सीता विक, मितेरी पार्टी नेपालबाट सियाराम राना र मङ्गोल नेश्नल अर्गनाइजेशनबाट हुमबहादुर गुरुङले उम्मेदवारी दर्ता गराएका छन् ।

त्यसैगरी क्षेत्र नम्बर २ मा



नेपाली कांग्रेसबाट नारायणप्रकाश (एनपी) साउँद, नेकपा (एमाले) बाट बचनबहादुर सिंह, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट माधव पन्त र राष्ट्रिय स्वतन्त्र पार्टीबाट दीपक बोहराले उम्मेदवारी दर्ता गराएको क्षेत्र नम्बर २ का निर्वाचन अधिकृत प्रकाश भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार यस क्षेत्रमा स्वतन्त्र र पार्टीबाट गरी १९ जनाको उम्मेदवारी दर्ता भएको छ ।

त्यस्तै निर्वाचन क्षेत्र नं ३ मा नेपाली कांग्रेसबाट हरिप्रसाद बोहरा, नेकपा (एमाले)बाट डा दीपकप्रकाश भट्ट, नेपाली कम्युनिष्ट पार्टीबाट मानबहादुर सुनार र राष्ट्रिय स्वतन्त्र पार्टीबाट ज्ञानेन्द्र महताले उम्मेदवारी दर्ता गराउनुभएको छ । नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)बाट कर्णबहादुर चन्द, मितेरी पार्टी नेपालबाट किरना थापा, श्रम संस्कृति पार्टीबाट गङ्गादत्त जोशी, राप्रपाबाट पूर्णबहादुर चन्द, उज्यालो नेपालबाट भीम कुमाल, नेपाल मजदुर किसान पार्टीबाट मीनु गिरी, आम जनता पार्टीबाट लक्ष्मीकुमारी विष्टले मनोनय दर्ता गराएका छन् ।

राष्ट्रिय जनमोर्चाबाट लालबहादुर कुँवर, राष्ट्रिय मुक्तीबाट लोकराज भट्ट, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बाट विष्णुप्रकाश उपाध्यायले मनोनय दर्ता गरेका छन् । हर्कबहादुर ऐर, वीरसिंह क्षेत्री र थानेश्वर लेखकले स्वतन्त्रबाट उम्मेदवारी दिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सहायक निर्वाचन अधिकृत ताराप्रसाद जोशीले जानकारी दिनुभयो ।रासस

# अमेरिकाबाट ९० जना नेपाली डिपोर्ट

काठमाण्डु । अमेरिकाबाट ९० जना नेपाली नागरिकलाई डिपोर्ट गरिएको अध्यागमन विभागले जनाएको छ ।


विभागका महानिर्देशक रामचन्द्र तिवारीले डिपोर्ट भएका ९० जना काठमाडौँ आइपुगिसकेको जानकारी राससलाई दिनुभयो । अमेरिकाले चार्टर्ड विमानमार्फत उनीहरुलाई काठमाडौँ ल्याएर छाडेको हो । विभागका महानिर्देशक तिवारीले यसरी अहिलेसम्म ४०० भन्दाबढी नेपाली अमेरिकाबाट डिपोर्ट भइसकेका बताउनुभयो ।




डिपोर्ट हुनेहरु कागजात नभेटिएका, गैरकानुनी बसेका, अध्यागमन कानुन उल्लङ्घन गरेकालगायत रहेको विभागले जनाएको छ । उनीहरुमाथि अहिले प्रहरीको मानव बेचबिखन ब्युरोले अनुसन्धान गरिरहेको र बेचबिखनमा परेको भए उजुरी दिन ब्युरोले अनुरोध गरेको छ । आवश्यक अनुसन्धान पछि ब्युरोले परिवारको जिम्मा लगाउने जनाएको छ । रासस

## प्रतिनिधिसभा निर्वाचनः
# नेमकिपाले ५९ जिल्लामा दियो उम्मेदवारी

भक्तपुर । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले ५९ जिल्लाका १२० निर्वाचन क्षेत्रमा आफ्नो उम्मेदवारी दिएको छ । नेमकिपाले ६७ पुरुष र ५३ महिलालाई उम्मेदवार बनाएको पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले जानकारी दिनुभयो । नेमकिपाले बागमती प्रदेशका १३ जिल्लामध्ये रसुवा बाहेक १२ जिल्लामा उम्मेदवारी दिएको जानकारी दिँदै उहाँले १२ जिल्लाको ३२ निर्वाचन क्षेत्रमा २० महिला र १२ पुरुषलाई उम्मेदवार बनाएको बताउनुभयो । उक्त प्रदेशमा पार्टीका केन्द्रीय सचिव प्रेम सुवाललाई भक्तपुर क्षेत्र नं १ बाट उम्मेदवार बनाएको छ । कर्णाली प्रदेशमा सात जिल्लाको नौ निर्वाचन क्षेत्रमा एक महिलासहित नौ जनालाई उम्मेदवार बनाएको केन्द्रीय सदस्य गोसाईले




बताउनुभयो । कालिकोटमा नन्दबहादुर शाही, जुम्लामा बिर्खबहादुर राउत र दैलेखमा बखतबहादुर थापा, सुर्खेतमा तुलसी खड्कालाई उम्मेदवार बनाइएको छ । त्यसैगरी कोशी प्रदेशको १२ जिल्लामा आठ महिला र १३ पुरुष, मधेश प्रदेशका आठ जिल्लामा ६ महिला र १६ पुरुषलाई उम्मेदवार बनाएको छ ।

लुम्बिनी प्रदेशको १२ जिल्लामध्ये सात जिल्लामा उम्मेदवारी दिएको नेमकिपाले आठ महिला र ६ पुरुषलाई उम्मेदवार बनाएको केन्द्रीय सदस्य गोसाईले बताउनुभयो । गण्डकी प्रदेशमा ११ मध्ये पाँच हुनेछ ।रासस

# बाँकेका तीन क्षेत्रबाट ६० उम्मेदवार चुनावी मैदानमा

राँझा । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बाँकेका तीनवटै निर्वाचन क्षेत्रमा मङ्गलवार उत्साहपूर्ण रुपमा उम्मेदवारले मनोनय दर्ता गरेका छन् । बाँकेका तीन क्षेत्रमा ६० जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

क्षेत्र नम्बर १ मा १६, क्षेत्र नम्बर २ मा २२ र क्षेत्र नम्बर ३ मा २२ जनाको उम्मेदवारी दर्ता भएको छ । क्षेत्र नम्बर १ मा नेपाली कांग्रेसबाट नारायण गौडेल, नेकपा (एमाले)बाट सूर्यप्रसाद ढकाल, नेपाली कम्युनिस्ट पार्टीबाट नरेन्द्र पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सुरेश चौधरी, राप्रपाबाट प्रदीपकुमार शाहलगायतले उम्मेदवारी दर्ता गरेका निर्वाचन अधिकृत सरोजनिधि वाग्लेले जानकारी दिनुभयो ।

क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसबाट सुधांशु कोइराला, नेकपा (एमाले)बाट मोहमद इस्तियाक राई, नेपाली कम्युनिष्ट पार्टीबाट दिपेन्द्र विष्ट, राष्ट्रिय स्वतन्त्र पार्टीबाट विवेककुमार श्रेष्ठ, राप्रपाबाट ऋषिराज देवकोटालगायतले उम्मेदवारी दर्ता गराउनुभएको छ । यस्तै क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसबाट अमरसिंह पुन, नेकपा (एमाले)बाट सुमन मल्ल, नेपाली कम्युनिष्ट पार्टीबाट दिपक जीएम, राष्ट्रिय स्वतन्त्र पार्टीबाट खगेन्द्र सुनार र राप्रपाबाट तारकसिंह थारुलगायतले उम्मेदवारी दर्ता गराउनुभएको छ ।रासस


**औरही गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउरी परवाहा, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**सच्चाइएको सूचना**

सूचना प्रकाशित मिति : २०८२/१०/०८

मिति २०८२/१०/०७ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ ५ मा यस गाउँपालिकाको प्रकाशित Invitation for Bids सूचनामा कार्यालयको राजश्व खाता नं. ८००५०२७४५७०३०१४ हुनुपर्नेमा अन्यथा भएकोले सच्चाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख प्रशासकिय अधिकृत



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# परीक्षणमा मधेश

प्रतिनिधि सभाको निर्वाचनमा मधेश फेरि परीक्षणमा नै देखिएको छ । मधेश प्रदेशमा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), मधेशी दलको मिलिजुली प्रभाव थियो । अब राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले पनि खुट्टा टेकेको छ। रास्वपाको पक्षमा जनहावा चलेको छ । नेपाली कांग्रेसले गरेको टिकट वितरणमा समन्वय गर्न सकेको छैन । एमाले र नेकपाको स्थिति पनि उस्तै छ। मधेशी दलहरु मध्ये बलियो देखिएको जनता समाजवादी पार्टी(जसपा) नेपालमा टिकट वितरणमा सन्तुलन मिलाउन नसक्दा जित्ने क्षेत्रमा विद्रोह भएको छ। कतिपय क्षेत्रमा उम्मेदवार समेत पाएको छैन । मधेशी दलहरुको स्थिति कमजोर हुँदा स्वभाविक रुपमा संघीयता विरोधी दलहरु बलियो हुनेछ । जसपा नेपालले टिकट वितरणमा चरम लापरवाही गरेको छ । चुनावमा जित्न सक्ने नेतालाई जसपा नेपालले पाखा लगाएको छ । त्यसकारण मधेश प्रदेशमा जसपा नेपालले अपेक्षाकृत कम सिट जित्न सक्ने अनुमान गर्न थालिएको छ। हुन त अहिले धेरै समय बाँकी छ। लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल र जसपा नेपालबीच एकीकरण भएपछि मधेश प्रदेशमा राम्रो नतिजा ल्याउने अनुमान गरिएको थियो । चुनावको मुखमा दुई पार्टीबीच भएको एकीकरणले नेता र कार्यकर्ताहरुमा निकै उत्साह देखिएको थियो । तर टिकट वितरणमा गरिएको काखापाखाले धेरै नेताहरु निराश भएका छन् । केहिले दल बदलेका छन् । केहिले विद्रोह गरेका छन् । केही असन्तुष्ट भएर उम्मेदवारलाई घात गर्ने देखिएको छ । नेताहरुले टिकट वितरणमा नै बदमासी गरेकाले परिणाम सकारात्मक आउने सम्भावना पनि कमजोर भएको छ । समग्र मधेशको कुरा गर्ने मधेशी दलहरु मधेश प्रदेशमा समेत न्यायोचित संयोजन गर्न सकेको छैन । मधेशी दलहरुले प्रत्यक्ष तर्फ टिकट वितरणमा सन्तुलन मिलाउन नसकेको कारण समानुपातिक मत पनि अपेक्षाकृत कम आउने देखिन्छ । जसपा नेपालका संरक्षक महन्थ ठाकुर ८४ वर्षको उमेरमा राष्ट्रिय सभामा जाने निश्चित गरेका छन् । महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट छोरी मिनाक्षी ठाकुरलाई उम्मेदवार बनाएपछि असन्तुष्टि चुलिएको छ । नेपाली कांग्रेस, एमाले र नेकपालाई समानुपातिक मतमा समेत असर पर्ने देखिन्छ। रास्वपाको पक्षमा मधेश प्रदेशबाट समानुपातिक मत अनपेक्षित रुपमा बढ्ने छ। सशक्त अथवा कमजोर उम्मेदवार रास्वपाले सबै क्षेत्रबाट उठाएको छ। प्रत्यक्ष तर्फ मधेश प्रदेशमा रास्वपाले धेरै सिट निकाल्ने सम्भावना बलियो नदेखिए पनि समानुपातिक मत पाउने छ । रास्वपाको बालेन कार्डले मधेश प्रदेशमा आकर्षण बढाएको छ । कांग्रेसका सभापति गगन कुमार थापाले मधेश प्रदेशबाट उम्मेदवार बनेका छन् । नेकपाले पनि नारायणकाजी श्रेष्ठलाई मधेश प्रदेशमा उतारेको छ । नेताहरुले मधेशलाई फेरि पनि परीक्षण गरिरहेका छन् । मधेश प्रदेशको विश्वास जित्न सक्ने दल प्रतिनिधि सभामा ठूलो दल बन्ने निश्चित छ ।

# हुम्लाको विकास सूचक र भविष्य


डा दीपेन्द्र रोकाया

प्रचुर प्राकृतिक सम्पदा भएको तर राज्यको उपेक्षा र पहुँचको अभावले विकासको सम्भावनालाई थिचिराखेको हिमाली जिल्ला हो हुम्ला । तर सन् २००१, २०११ र २०२१ का प्रमुख सामाजिक-आर्थिक सूचकहरूले हुम्ला पछिल्ला दुई दशकमा क्रमिक रुपमा रूपान्तरण भइरहेको देखिन्छ । शिक्षा, स्वास्थ्य, जनसाङ्ख्यिकी र आधारभूत पूर्वाधारमा देखिएको सुधारले त्यो सम्भावना देखाएको हो । यसलाई निर्णायक तहमा पुर्‍याउन इच्छाशक्तिका साथ सङ्कल्पित नेतृत्वको खाँचो छ । जनसङ्ख्या र सामाजिक संरचनाको बदलिँदो चित्र २००१ मा करिब ४० हजार जनसङ्ख्या रहेको हुम्लामा २०२१ मा ५५ हजार नाघिसकेको छ। जनघनत्व ७.२ बाट करिब १० व्यक्ति प्रतिवर्ग किलोमिटर पुगेको छ, जुन उच्च हिमाली जिल्लाका लागि उल्लेखनीय हो । पुरुष-महिला अनुपात १००:९६ बाट १००:९९ मा पुग्नु सामाजिक सन्तुलनतर्फको प्रगतिशील संकेत हो । सत्ताइस गाउँ विकास समितिको संरचनाबाट सात गाउँपालिकामा रूपान्तरणसँगै स्थानीय लोकतन्त्र संस्थागत भएको छ । यसले विकास योजनाको स्वामित्व समुदायमै बढाएको छ। सङ्घ र प्रदेशसँग कतिपय विषयमा सङ्घर्ष गर्नैपर्ने अवस्था रहे पनि हुम्लाका स्थानीय तहले सङ्घीयताको लाभ उठाएर आफ्नो भाग्य आफैँले लेख्ने अवस्थामा पुगेका छन् ।

### शिक्षाको उज्यालो

भविष्यको मेरुदण्ड शिक्षा हो। सन् २००१ मा ३५-४० प्रतिशत वरिपरि रहेको साक्षरता दर सन् २०११ मा ५१ प्रतिशत र सन् २०२१/२५ मा ९६ प्रतिशत नजिक पुगेको छ । हुम्ला साक्षर जिल्ला घोषणा भइसकेको छ। महिला साक्षरता २० प्रतिशतभन्दा कमबाट ९० प्रतिशत माथि पुग्नु सामाजिक क्रान्तिकै सङ्केत हो । शैक्षिक सङ्ख्या ६०-७० बाट आज १७२ छन्। यसमा आधारभूत तह (१-५) ८५, आधारभूत तह (१-८) २२, माध्यमिक तह (९-१०) १७, माध्यमिक तह (९-१२) १२, क्याम्पस तीन, सामुदायिक सिकाइ केन्द्र २४, संस्थागत विद्यालय ८ र धार्मिक एक वटा रहेका छन्। एक सय ५२ वटा बालविकास केन्द्र आधारभूत विद्यालयमै रहेका छन् । शिक्षकको स्थायित्व अझै चुनौती भए पनि शिक्षामा आएको सुधारले आगामी दशकमा स्थानीय जनशक्ति उत्पादनको आधार तयार भएको छ।

उच्च शिक्षाका लागि बाहिरी निर्भरता घटाउने रणनीति सम्भव हुँदै गएको छ । यसलाई दक्ष र प्राविधिक जनशक्तिमा रुपान्तरण गर्नुपर्छ। स्वास्थ्यको पहुँच हुम्ली जनताको आयु ५४ वर्षबाट ६७-६९ वर्षमा पुग्नु स्वास्थ्य क्षेत्रमा भएको सुधारको ठोस प्रमाण हो । १५ शय्या भने पनि अहिले २५ शय्याको जिल्ला अस्पताल सञ्चालन छ । प्रदेशले एमविविएस डाक्टर उपलब्ध गराएर खार्पुनाथ, सर्केगाड र अदानचुलीमा आधारभूत अस्पताल निर्माण भइहरेको छ। जिल्लामा २६ स्वास्थ्यचौकी र ३३ वटा सामुदायिक स्वास्थ्य केन्द्र छन्। खोपको पहुँचमा स्थिर सुधार, शिशु मृत्यु दर ८०-९० बाट ३५-४० मा झर्नु पनि उपलब्धि मान्नुपर्छ । दक्ष प्रसूति सेवा ६० प्रतिशत नजिक पुग्दा मातृ र शिशु स्वास्थ्यमा सुधार भएको छ । यद्यपि, कुपोषण (करिब ३० प्रतिशत), आकस्मिक सेवाको पहुँच र पहाडी भूगोलका अवरोध अझै चुनौती छन्। यसको समाधानका लागि स्थानीय पोषण कार्यक्रम, मातृ-शिशु केन्द्रित सेवा, हेलिकप्टर/टेलिमेडिसिन जस्ता नवप्रविधिको विस्तार गर्नुपर्छ। आवश्यकतामा घुम्ती शिविर पनि सञ्चालन गर्नुपर्छ।

बहुआयामिक अर्थतन्त्र सन् २००१ मा ४-६ महिना खाद्यान्न अभाव भोग्ने हुम्ला सन् २०२१ मा २-४ महिनामा झरेको छ । गरिबीको दर ६० प्रतिशतबाट लगभग ३५ प्रतिशतमा झरेको छ। कृषि र पशुपालनमा आधारित अर्थतन्त्र क्रमशः व्यापार र पर्यटनतर्फ उन्मुख छ। प्रवासी रोजगारी मध्यम रूपमा बढेको छ। वार्षिक आय सुधारोन्मुख छ। स्थानीय



उत्पादन (जडीबुटी, उच्च हिमाली कृषि, सीमा व्यापार र जिम्मेवार पर्यटन) लाई मूल्य शृङ्खलामा जोड्न सके हुम्लाको आर्थिक भाग्य गुणात्मक रूपमा फेरिन सक्ने देखिएको छ। पूर्वाधारको विस्तार हिजो सडक पहुँच शून्य थियो। कर्णाली करिडोरको ट्र्याक यसै वर्ष खुल्यो । यो सडकबाट सबै पालिका केन्द्र जोडेर चीनको सीमा क्षेत्र हिल्सासम्म पुग्न सकिने भएको छ । यो भविष्यको अर्थतन्त्रको मेरुदण्ड हो। कर्णाली करिडोरका साथै लिमीदेखि रारासम्मको हिमाली पर्या-पर्यटकीय सडकलाई स्तरोन्तिमा जोड दिनुपर्छ। सबै गाउँ जोड्ने सडकका ट्र्याक खुल्ने क्रम जारी छ, त्यो कार्य यथासक्य छिटो पूरा गराई दिगो र स्तरीय बनाउन पहल गर्नुपर्छ। हवाई सेवा आज पनि जीवनरेखा बनेको छ । कर्णाली एअर सञ्चालनमा प्रोत्साहन गर्नुपर्छ।

विद्युत् पहुँच पाँच प्रतिशतभन्दा कमबाट ४० प्रतिशतभन्दा बढीसम्म पुगेको छ । नाम्खा गाउँपालिकाको याल्वाङ, सिमकोट गाउँपालिकाको धारापोरी र खार्पुनाथ गाउँपालिकाको छिप्रामा निर्माण हुने हुम्ला कर्नाली क्यास्केड जलविद्युत् आयोजनाले ६८१ दशमलव दुई मेगावाट विद्युत् उत्पादन गर्ने भएको छ। यस्तै खार्पुनाथको लाली औलदेखि सर्केगाडको दुल्ली कुनामा निर्माण हुने जलविद्युत् आयोजना ३३५ मेगावाट विद्युत् उत्पादन हुने भएको छ। एवं प्रकारले तुम्कोट, लोती, कवाडी, ह्याक्पा खोला, तल्छरीलगायतका जलविद्युत् आयोजनाले स्थानीय सम्भावना र उज्यालो भविष्य देखाइरहेका छन् । सुरक्षित खानेपानी ७० प्रतिशत पुगेको छ। मोबाइल र ४ जी पहुँच विस्तार हुँदैछ । यी सबैले शिक्षा, स्वास्थ्य र बजारको पहुँचलाई जोड्दै हुम्लालाई अलगावबाट केन्द्र र प्रदेशमा जोडिएको जिल्लामा रूपान्तरण गरिरहेका छन् । यसमा थप पहलकदमी लिन आवश्यक छ । समानता र गुणस्तरीय जीवन दलित र स्थानीय पहिचान नपाएका आदिवासी समुदायको शिक्षामा उल्लेख्य सुधार, लैङ्गिक असमानतामा क्रमिक सुधार देखिँदै गएको छ तर स्वास्थ्य-पोषण असमानता, बाल/महिला श्रमजस्ता मुद्दा अझै विद्यमान छन्। लक्षित सामाजिक संरक्षण, छात्रवृत्ति, पोषण-केन्द्रित हस्तक्षेप र महिलामैत्री रोजगारी कार्यक्रमले यी खाडलहरू भरिन सक्छन् ।

### भविष्यको रोडम्याप

पञ्चायतकालमा प्रशासनिक विस्तार, प्राथमिक शिक्षा र आधारभूत स्वास्थ्य चौकीसम्म सीमित हुम्ला आज पूर्ण स्थानीय लोकतन्त्र, ९६ प्रतिशत साक्षरता, अस्पताल, मोबाइल-इन्टरनेट र आंशिक सडक पुगेको छ।

निरन्तर राज्यको उपस्थिति र स्थानीय समुदायको अपनत्वले दिगो विकास र प्रगति सम्भव हुन्छ। यसका लागि क्षेत्रगत नीति र प्राथमिकता दिन सक्नुपर्छ । हुम्लाको दिगो विकासका लागि आगामी १०-१५ वर्ष निर्णायक हुनेछन् । विगत दुई दशकमा शिक्षा, स्वास्थ्य र सामाजिक सूचकमा देखिएको सुधारलाई संस्थागत गर्दै संरचनात्मक अवरोध हटाउने नीतिगत सुधार अब अपरिहार्य छ । यसका लागि क्षेत्रगत रूपमा स्पष्ट प्राथमिकता निर्धारण गरी समन्वित नीति कार्यान्वयन गर्न आवश्यक छ। शिक्षा क्षेत्रमा, अबको मुख्य नीति प्राथमिकता आधारभूत साक्षरताबाट गुणस्तरीय र प्राविधिक शिक्षातर्फ रूपान्तरण हुनुपर्दछ। हुम्लामा स्थानीय क्याम्पस स्थापना,

डिजिटल उच्च शिक्षाको विस्तार र आवासीय विद्यालयको विकासमा जोड दिनुपर्छ । शिक्षकको स्थायित्व सुनिश्चित गर्न दुर्गम सेवा प्रोत्साहन, आमा शिक्षादेखि उच्च शिक्षासम्मको पाठ्यक्रममा पुनरावलोकन र दक्ष शिक्षक उत्पादन नीति लागू गर्नुपर्छ । शिक्षालाई स्थानीय अर्थतन्त्रसँग जोड्न प्राविधिक, कृषि र पर्यटन-केन्द्रित पाठ्यक्रम विकास गर्नुपर्ने देखिएको छ।

स्वास्थ्य क्षेत्रमा पहुँचमुखी सुधारभन्दा प्रणालीगत मजबुती आवश्यक छ । आकस्मिक सेवा नेटवर्क विस्तार र हवाई उद्धारलाई स्वास्थ्य प्रणालीको अङ्गका रूपमा संस्थागत गर्नुपर्छ। कुपोषण न्यूनीकरणका लागि गर्भवती, सुत्केरी र बालबालिकामै केन्द्रित पोषण कार्यक्रम लागू गर्नुपर्छ । टेलिमेडिसिन र मोबाइल स्वास्थ्य सेवाले दुर्गम बस्तीको पहुँच समस्या समाधान गर्न सक्नुपर्छ।

पूर्वाधार विकासमा, सडकलाई मात्र विकासको सूचक मान्ने पुरानो सोच परित्याग गर्नुपर्छ । सडक पूर्णतासँगै सस्तो र दिगो ऊर्जा, स्थानीय जलविद्युत्, सौर्य प्रणाली र भरपर्दो इन्टरनेट पहुँच बढाउने नीति लिनुपर्छ । जलविद्युत्को विकास भयो भने सीधा सडक निर्माणका लागि पहाड छेडेर सुरङ मार्ग निर्माण, केवलकार र पोडवे सेवा सञ्चालनमा ल्याउनुपर्छ। यी पूर्वाधारले शिक्षा, स्वास्थ्य र बजारलाई एकसाथ जोड्ने काम गर्नेछन्। अर्थतन्त्रको सन्दर्भमा हुम्लाको प्राकृतिक र सांस्कृतिक सम्पदालाई मूल्य शृङ्खलामा जोड्ने नीति लिनुपर्छ। जडीबुटी, उच्च हिमाली कृषि, पशुपालन र जिम्मेवार पर्यटनलाई स्थानीय उद्यमसँग जोडेर रोजगारी सिर्जना गर्नुपर्छ। सहकारी, लघुवित्त र उद्यमशीलता प्रवर्द्धन नीति प्रभावकारी बनाइनुपर्छ। हिमाली क्षेत्र विकास प्राधिकरण बनाएर अघि बढ्ने नीति अख्तियार गर्नुपर्छ । समानता र सामाजिक सुरक्षा क्षेत्रमा, लक्षित कार्यक्रममार्फत दलित, महिला र युवालाई उत्पादनशील रोजगारीमा जोड्नुपर्छ । सामाजिक सुरक्षा योजनालाई राहत होइन, आत्मनिर्भरता निर्माणतर्फ उन्मुख गर्नुपर्छ । समग्रमा हुम्लाको भविष्य परियोजना-केन्द्रित गर्नुका साथै नीति केन्द्रित विकासमा जोड्नुपर्छ।

सन् २००१-२०२१ का तथ्याङ्कहरूले हुम्लालाई 'सधैँ पिछडिएको' कथाबाट मुक्त गराउन खोजेका छन् । शिक्षा र साक्षरतामा सङ्ख्यात्मक प्रगति, स्वास्थ्यमा आयु बढ्नु, खाद्य सुरक्षामा सुधार देखिनुले भविष्यप्रति विश्वास जगाएको छ । बल्ल कर्नाली करिडोर खुल्यो, प्रसारण लाइन जोड्ने र अप्टिकल फाइवर बिच्छ्याउने योजना अगाडि बढेको छ। हुम्लाको भाग्य अब दयामा होइन, तथ्य, नीतिगत स्पष्टता र समुदायको सामूहिक इच्छाशक्तिमा निर्भर छ र यही इच्छाशक्ति नै उज्यालो भविष्यको ग्यारेन्टी हो । यसैले स्थानीय मनलाई प्राकृतिक स्रोतसँग लगानीमैत्री वातावरण निर्माण गर्न पर्नेछ। यसका लागि समय आइसकेको छ। दीर्घकालीन सोच, स्थानीय स्वामित्व र तथ्यमा आधारित नीतिगत सुधारले मात्र हुम्लालाई दिगो समृद्धिको मार्गमा अघि बढाउन सकिन्छ । (लेखक कर्णाली प्रदेश योजना आयोगका पूर्वसदस्य हुनुहुन्छ)

# आज्ञाचक्र: मनुष्य जीवनको नेता


सूर्यवदना घिमिरे पण्डित

हामीले बाहिर देख्ने शरीरमा कर्मेन्द्रीय, ज्ञानेन्द्रिय र अन्य अङ्गहरू देख्दछौँ । यसलाई पञ्च महाभूतको अंश भनिन्छ। यस पार्थिव शरीर भित्र अर्को अभौतिक अर्थात् सूक्ष्म शरीर पनि रहेको हुन्छ। सूक्ष्म शरीर भित्र मन, बुद्धि, चित्त, अहङ्कार आदि रहेका हुँदारहेछन् भन्ने कुरा हामीले अनुभव गर्दै वा सुन्दै आएका छौँ। यो भौतिक र सूक्ष्म शरीर चलाउन विभिन्न माध्यमबाट ऊर्जाको प्रवाह भइरहेको हुन्छ।

### ऊर्जाका प्रकार

हामी भित्र रहने ऊर्जालाई तीन वर्गमा समेटिएको छ। ती हुन् - जगत ऊर्जा, जीवन ऊर्जा र परम् ऊर्जा । हाम्रो शरीर बाहिर हुने धन, पढाइ, मान, इज्जत, सम्बन्ध, परिवारबाट हुने भरोसा जगत ऊर्जा हुन् । हाम्रो भौतिक र सूक्ष्म शरीर चलाउने ऊर्जा जीवन ऊर्जा हो । बलियो जीवन ऊर्जा भएको व्यक्तिले जगत ऊर्जालाई भरपूर रूपमा आफूमा खिच्न सक्छ । यसैगरी जीवन ऊर्जा चलाउने मूल ऊर्जालाई परम् ऊर्जा भनिन्छ। परम् ऊर्जा जीव हुनुको अस्तित्व हो । यस लेखमा हाम्रो शरीरले ऊर्जा कहाँबाट, कसरी प्राप्त गर्छ, कहाँ रहन्छ र शरीरमा कसरी वितरण हुन्छ भन्ने र आज्ञाचक्रको विषयमा थप चर्चा गरिएको छ।

### शरीरका सात चक्रहरू

हाम्रो सूक्ष्म शरीरमा ऊर्जा वितरणका सात केन्द्रहरू रहेका छन् । यिनलाई चक्र भनिन्छ। यी सात चक्रहरू- मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्धि, आज्ञा र सहस्रार हुन् । मूलाधार चक्र मेरुदण्डको पुछारमा रहेको हुन्छ भने यसभन्दा अलिकति माथि स्वाधिष्ठान चक्रको स्थान रहेको छ । यस्तै नाभी क्षेत्रमा मणिपुर, छातीमा अनाहत, कण्ठ क्षेत्रमा विशुद्धि, दुई आँखीभ्रुवाँको बीचमा आज्ञाचक्र र तालु क्षेत्रमा सहस्रार चक्र रहेको हुन्छ। यी सबै चक्रका भिन्न रङ, स्वाद, ध्वनि आदि हुन्छन्। यिनको क्षमता पनि फरक-फरक हुने रहेछ।

### कुण्डलिनी र कुर्मको परिचय

स्वाधिष्ठान चक्रभन्दा माथि र मणिपुर नजिक नाभिमा कुण्डलिनी ऊर्जा रहेको हुन्छ । सर्वप्रथम ब्रह्माण्डबाट ऊर्जा कुण्डलिनी क्षेत्रमा आउँछ भनिन्छ। कुण्डलिनीलाई ऊर्जाको भण्डार भनिएको छ। ब्रह्माण्डबाट आउने ऊर्जा कुण्डलिनीमा एकैपटक आएर बस्न सक्दैन रे। कुण्डलिनी भन्दा अलिकति माथि कुर्म क्षेत्र भन्ने रहेछ। कुर्मलाई ऊर्जा वितरण क्षेत्र भनिएको छ । ब्रह्माण्डीय ऊर्जा सबैलाई समान किसिमले नै प्राप्त हुन्छ । हावा, घाम, पानी प्राप्त गर्ने अवसर सबैलाई हुन्छ। तर व्यक्तिको ऊर्जा ग्रहण गर्ने क्षमता भने फरक हुन्छ।

हाम्रो शरीरका अङ्ग एवं शरीर भित्र रहेको मन, भावना र चेतनाका लागि ऊर्जाको आवश्यक पर्दछ । यसैगरी शरीरका प्रणालीहरू जस्तै- श्वास प्रणाली, स्नायु प्रणाली र रक्तसञ्चार प्रणाली आदि चलाउन पनि ऊर्जा नै चाहिन्छ। जहाँ-जहाँ जति ऊर्जा चाहिन्छ त्यति प्राप्त गरेर शारीरिक पद्धति चलिरहेको हुन्छ।

### आज्ञाचक्रको परिचय

अब चर्चा गरौँ आज्ञाचक्रको । यो चक्र दुई आँखीभ्रुवाँको बीचमा अर्थात् टीका लगाउने ठाउँमा रहेको हुन्छ। यस चक्रको रङ वैजनी हो भने स्वाद टर्रो हुन्छ। यसको सम्बन्ध सङ्कल्प, अठोट, दृढतासँग रहेको हुन्छ । यसको ध्वनि ॐ हो । यसलाई अतीन्द्रिय पनि भनिन्छ। यस चक्रको अनुभूति हामी जीवन विज्ञानद्वारा सञ्चालित चक्र विज्ञान सप्ताहमा गर्दछौँ । यसलाई जगाउन यस चक्रको स्वर र मन्त्र सहितको क्रिया पश्चात् ध्यान गरिन्छ। सहभागीको पात्रता अर्थात् क्षमता अनुसार तत्काल पूरा अनुभव नहुन पनि सक्दछ । तर एक्काइस दिनको अभ्यास पश्चात प्रायः सबैलाई अनुभूति हुन्छ।

### आज्ञाचक्रको शक्ति

आज्ञाचक्रलाई तेस्रो नेत्र वा शिव नेत्र पनि भनिन्छ। जीवन फक्रन, फुल्न सबै चक्रको भूमिका उत्तिकै रहन्छ र सबैले काम गरिरहेकै हुन्छन् । अरूको तुलनामा यस आज्ञाचक्रमा अथाह शक्ति हुन्छ भनिन्छ । मूलाधारबाट माथि जाँदा यो छैटौँ चक्र हो । मनुष्यको आत्मा, शरीर, मन, इन्द्रियलाई जोड्ने कडी नै आज्ञाचक्र हो । जीवन विज्ञानमा यसलाई आन्तरिक गुफा भनिन्छ । चिकित्सा विज्ञानका अनुसार शरीरमा चाहिने रस निकाल्ने ग्रन्थी यही आज्ञाचक्र अर्थात् (एष्तगष्तबचथ नबिलम) भनिएको छ। शरीर स्वस्थ रहन भ्लमयचउजष्लक नामको



रसायन निकाल्ने चक्र पनि यही हो रे।

यसबाट निस्केको क्भचयतयलष्ल रसले नै शान्ति, खुसी र आनन्द दिने रहेछ। व्यक्तिले लिएको लक्ष्यमा स्थिर भएर काम गर्न म्यउक्ष्लभ नामक रसायन निकाले पछि मात्र मणिपुरले काम गर्दो रहेछ । यसैगरी निद्राको सन्तुलनको लागि :भबितयलष्ल निकाल्ने चक्र पनि यही रहेछ। यो चक्र सबल भएमा ध्यान लाग्ने हुनाले र व्यक्तिलाई परम् चैतन्यता प्राप्त हुने कुरा उल्लेख छ। आज्ञाचक्र खुलेपछि मात्र सहस्रारमा पुगिन्छ भनिएको छ। आज्ञाचक्रले म को हुँ भन्ने चिनाउँछ भने सहस्रारले ब्रह्माण्ड चिनाउँछ भनिन्छ। सारा शास्त्रहरू आज्ञाचक्र खुलेकाहरूले लेखेका रहेछन् । यसैले आज्ञाचक्र खुलेकालाई गुरु भनियो।

### आज्ञाचक्र बलियो भएको कसरी थाहा पाउने ?

आज्ञाचक्रले मानिसमा अठोट र निर्णय शक्ति बढाउँदछ। यसको आदेश बिना आँखा पनि झिम्किँदैन। यो चक्र बलियो हुनेहरू आफ्नो बोलीमा दृढ हुन्छन् र बोलेको कुरा पुर्‍याउँछन् भनिन्छ। जीवनमा लक्ष्य बनाउँछन् र त्यसमा निरन्तर लागिरहन्छन् । यस्ता व्यक्तिले कुनै काम सम्झेमा रातको १-२ बजे उठेर पनि फत्ते गर्छन् । समय पालनलाई ख्याल गर्ने आज्ञाचक्र बलियो हुनेहरू नै हुन् । यस्ता व्यक्तिहरू सामूहिक कार्यमा स्वःस्फूर्त (एचयबअतष्खभ) नेतृत्व लिन्छन् । यो चक्र सबल हुनेहरू प्रेमल, करुणावान, दयावान, विद्वान् र विवेकशील हुन्छन्। अर्काको मनोभावना समेत बुझेर काम गर्दछन्। हाम्रा आँखा सीमित ज्ञानेन्द्रिय हुन् तापनि यो चक्र सबल भएमा यी आँखामा समेत तेज बढ्दो रहेछ।

गुरुदेव भन्नुहुन्छ- आज्ञाचक्रको सबलताले अद्भुत रूपमा आध्यात्मिक जागरण हुन्छ । यो चक्र सक्रिय भएपछि सुषुम्ना नाडी बलियो हुन्छ। इडा नाडी सक्रिय भए भूतकालमा मन अल्झिने र पिङ्गला नाडी सक्रिय भए भविष्यको कल्पनामा डुब्ने हुन्छ। सुषुम्ना नाडी खुलेपछि व्यक्ति वर्तमानमा रहन सक्छ। आज्ञाचक्र खुलेकाहरूको स्मरण शक्ति अद्भुत हुन्छ। कसैले केही दिन वा महिनामा पूरा शास्त्रहरूमा पारंगत भए भन्दा हामीलाई अचम्म लाग्छ । वास्तवमा यस्तो हुनुमा आज्ञाचक्रको जागृति नै हो । त्यसैले आज्ञाचक्रलाई मनुष्य जीवनको नेता भनिएको रहेछ।

### आज्ञाचक्र बिग्रिन्छ कसरी ?

अर्कालाई दुःख दिँदा व्यक्तिको अन्तरआत्माले सहन गरेको हुँदैन । यस अवस्थामा आज्ञाचक्रको वरिपरि पर्दा जस्तै गोलो घेरा बस्छ भनिन्छ। अर्कालाई दुःख दिनु भनेको आज्ञाचक्रलाई साँघुरो बनाउँदै जानु रहेछ। यस्तो घेराले आज्ञाचक्रमा पर्दा लागेपछि जे होइन त्यो सही मान्ने र जे सही हो त्यसलाई गलत देख्ने हुन्छन्। यही गर्छु भन्ने मार्गचित्र, अठोट र सङ्कल्प हुँदैन र केही काममा पनि निरन्तरता दिँदैनन् । यो चक्र कमजोर भएकाहरू आफ्नो स्वभावमा भन्दा प्रभावमा बढी काम गर्छन् । अर्थात् अर्कालाई देखाउन मात्र गर्ने हुन्छन् । अरूप्रति पटक्कै विश्वास गर्दैनन् । अशान्त प्रकृतिका हुन्छन् । यस्ता व्यक्तिले जे काममा हात हाले पनि सफल हुन सक्दैनन् भनिन्छ।

### आज्ञाचक्रलाई सपार्ने कसरी ?

आज्ञाचक्र कत्ति पनि नजागेको मान्छे हुँदैन तापनि पूर्ण क्षमतामा जगाउने लक्ष्य हुनुपर्दछ। आज्ञाचक्र सपार्न सकारात्मक भावले आफ्नो सङ्कल्प र अठोट पूरा गर्नमा जोड दिनुपर्ने रहेछ । त्यसैले हाम्रो सनातनी समाजमा सन्त, माता(पिता, गुरु, मान्यजनलाई ढोग्न सिकाइयो । हावा, पानी, घाम देख्दा झुक्न सिकाइयो। शिर झुकाएर ढोग्दा गोडाबाट निस्कने ऊर्जासमेत आफूमा प्रवाह हुन्छ। ठुलाबाट ऊर्जा लिने यो सरल उपाय रहेछ।

आज्ञाचक्रलाई जगाउन सर्वप्रथम साना-साना लक्ष्य र उद्देश्य पूरा गर्नुपर्छ। यसका लागि बिहान उठ्ने र बेलुका सुत्ने समय पालनाबाट काम सुरु गर्न सकिन्छ। कम्तीमा २१ दिनसम्म अठोट गरिएकै समयमा सुत्ने र उठ्ने । त्यसपछिका दिनमा आज्ञाचक्रले स्वतः निद्रा खुलाइदिन्छ। त्यसै गरेर यति दिन यो चिज खान्न भन्ने। नखाने।


यस्तै गरेर यति दिन कसैसँग रिसाउँदिन भन्ने । नरिसाउने। त्यस्तै हरेक दिन कम्तीमा यति पेज पढेर सुत्छु भन्ने। पढेरै सुत्ने। आज दिनभर मुस्कुराएर बोल्छु भन्ने। यी वा यस्तै साना-साना बानीबाट आफूलाई अभ्यस्त पार्न सकिन्छ। त्यसपछि ठूला लक्ष्य लिएर त्यसमा एकाकार भई निरन्तरता दिने बानी पर्दै जान्छ।

अन्त्यमा, आफ्ना सबै चक्रहरू जगाउन सकारात्मक बनौँ । व्यवहार गर्दा लक्ष्यमा एकाकार भई सङ्कल्प पूरा गर्नमा दृढ बनौँ । योगासन र ध्यान सिकौँ । जीवनमा सर्वाधिक महत्त्व राख्ने आज्ञाचक्रको क्षमता चिनौँ। मनुष्यमा हुने अथाह ऊर्जाको भरपूर उपयोग गरौँ। जीवनलाई समृद्ध र आनन्दमय बनाऊँ।

पण्डित जीवन विज्ञान प्रतिष्ठानकी प्रशिक्षक हुन् । रातोपाटीबाट साभार

### प्रतिनिधिसभा निर्वाचनः

## झापामा १५ महिलासहित ९० जना मैदानमा



झापा । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि झापामा १५ महिलासहित ९० जनाले उम्मेदवारी दर्ता गराएका छन् । जिल्लाका पाँच वटा निर्वाचन क्षेत्रमा ९० जनाले उम्मेदवारी दर्ता गराएकामा दुई स्वातन्त्रसहित १५ जना महिला रहेका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार १५ जना महिलाको सङ्ख्या कूल उम्मेदवारीको करिब १७ प्रतिशत मात्र हो । जिल्लाका पाँचवटै निर्वाचन क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले एक जना पनि महिलालाई प्रत्यक्षतर्फ उम्मेदवार बनाएको छैन ।

क्षेत्र नं २ मा सबैभन्दा बढी महिलाको उम्मेदवारी परेको छ । यहाँ नेपाली कांग्रेसकी सरिता प्रसाईं, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट धर्मशीला चापागाईं, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट इन्दिरा रानामगर, श्रम संस्कृति पार्टीबाट चन्द्रकुमारी गारु र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट अमृता लावती चुनावी मैदानमा छन् । यस क्षेत्रमा एमालेकातर्फबाट पूर्वसभामुख देवराज घिमिरेको मनोनयन दर्ता भएको छ ।

क्षेत्र नं १ मा रास्वपाकी निशा डाँगी र जसपाकी रमा मेचेले प्रतिस्पर्धा गर्दैछन् । क्षेत्र नं ३ मा सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी चन्द्रकला सावा, नेमकिपाकी धर्मलक्ष्मी दुवाल र जसपाकी विनिताकुमारी राजवंशी चुनावी मैदानमा उत्रिएका छन् ।

क्षेत्र नं ४ मा दुई महिला उम्मेदवार छन् । जसमा श्रम संस्कृति पार्टीकी अमृतादेवी राई र नेमकिपाकी तुलसी लक्ष्मी दुमरु हुन् । क्षेत्र नं ५ मा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, राष्ट्रिय स्वतन्त्र पार्टीका बालेन शाहलगायत उम्मेदवारसँग भिड्न तीन जना महिला चुनावी मैदानमा छन् । यहाँ नेपाली कांग्रेसबाट मन्धरा चिमिरिया तथा स्वतन्त्रबाट रञ्जिता गौतम र शोभा भण्डारीले मनोनयन दर्ता गराएका हुन् ।

संविधानले राज्यका हरेक तहमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरे पनि प्रत्यक्ष निर्वाचनमा दलहरूले देखाएको उदासिनताप्रति अधिकारकर्मीले प्रश्न उठाएका छन् । समावेशिताको नारा दिने प्रमुख दलले प्रत्यक्षतर्फ महिलालाई विश्वास नगरेका पत्रकार भीमा शिवाकोटीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "कूल उम्मेदवारीको तुलनामा महिलाको सङ्ख्या न्यून हुनुले नीति निर्माण तहमा महिला पुग्ने बाटो अझै साँघुरो रहेको देखाउँछ ।" दलहरूले टिकट वितरणमा पुरुषलाई प्राथमिकता दिँदा महिलाहरू समानुपातिक सूचीमा मात्र सीमित हुनुपर्ने बाध्यता यसपटक पनि कायमै देखिएको उहाँको भनाइ छ । रासस

## प्रत्यक्ष निर्वाचनमा होमिएका महिला उम्मेदवार भन्छन् : अब हामी देश सम्हाल्छौँ



काठमाण्डु । मंगलबार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मनोनयन दर्ता गरिसकेपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का कुन्ती पोखरेलले भन्नुभयो, "म छोरी हुँ । घर समाजसँगै आवश्यकता परे देश पनि सम्हाल्न सक्छु ।" उहाँले देशलाई फरक विचार आवश्यकता रहेकाले समाज रूपान्तरणका लागि राजनीतिमा होमिएको बताउनुभयो । कुन्ती अघिल्लो प्रतिनिधिसभाको निर्वाचनमा पनि प्रतिस्पर्धामा हुनुहुन्थ्यो । त्यतिबेला उहाँ पराजित हुनुभयो ।

त्यो अनुभवबाट धेरै सिकेको उहाँ बताउनुहुन्छ । काठमाडौँ, क्षेत्र नं-२ बाट उम्मेदवारी दिनुभएका उहाँले भन्नुभयो, "हामी महिला, सधैँ पहिला ।" महिला र पहिलाकै अवधारणाका साथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट अस्मिता थापाले पनि ओखलढुङ्गाबाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फ मनोनयन दर्ता गराउनुभएको छ । उहाँ २०७९ मा स्थानीय तह निर्वाचनमा ओखलढुङ्गाको लिखु गाउँपालिकाको उपाध्यक्षमा सबैभन्दा कम उमेरको जनप्रतिनिधिका रुपमा निर्वाचित हुनुभएको थियो ।

हाल उमेरले २९ वर्षीया थापाले युवा पुस्ताको आवाज र पाका पुस्ताको सम्मान गर्दै विकास निर्माणमा जोड दिने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "युवा पुस्ता र पाका पुस्ताको समिश्रणले नयाँ रूपान्तरण सम्भव छ ।" राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) बाट रञ्जु दर्शना काठमाडौँ, १ बाट उम्मेदवारी दिनुभएको छ ।

दर्शनाले समानुपातिकतर्फको बन्दसूचीबाट नाम फिर्ता लिएर प्रत्यक्षमा उम्मेदवारी दिनुभएको हो । विसं २०६७/६८ देखि विवेकशील नेपाली दलबाट दर्शनाको राजनीतिक यात्रा सुरु भएको थियो । विसं २०७४ को स्थानीय निर्वाचनमा काठमाडौँ महानगरको प्रमुख पदमा प्रतिस्पर्धा गर्दा उहाँको निकै चर्चा भएको थियो । दर्शनाले राजनीतिलाई आफूले सके सफा गर्ने नसके फोहर नगर्ने भनेर प्रवेश गरेको बताउनुभयो । मुलुक बनाउन नयाँ धारसहित युवा र नवीन सोच विचारको आवश्यकता रहेको उहाँको भनाइ छ । गर्भवती अवस्थामा रहनुभएकी दर्शना देशको भविष्य सुनिश्चित गर्न असल राजनीतिक चरित्र आवश्यक रहने धारणा राख्नुहुन्छ ।

नेपाली कांग्रेसबाट झापाको निर्वाचन क्षेत्र नं २ मा उम्मेदवारी दर्ता गर्नुभएकी सरिता प्रसाइँले राजनीतिमा महिलाको मुद्दा मात्रै नभइ समग्र मुद्दालाई उठान गर्न सक्नुपर्ने बताउनुहुन्छ । नेपाल विद्यार्थी सङ्घ, नेपाल तरुण दलहुँदै कांग्रेसको राजनीतिमा प्रवेश गर्नुभएकी उहाँ संविधानसभामा सभासददेखि राष्ट्रियसभामा मुख्य सचेतकसम्मको जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ । नेपाली कम्युनिष्ट पार्‌टी(नेकपा)बाट मेनुका भण्डारी (कृतु) ले काठमाडौँ, क्षेत्र नं १ मा मनोनयन दर्ता गराउनुभएको छ । चुनाव जित्ने सम्भावनाबारे उहाँले आफ्नै ठाउँका छोरी र बुहारीलाई अघि बढाउने जिम्मेवारी जनताकै हातमा रहेको प्रतिक्रिया दिनुभयो । उम्मेदवारी दिएका अधिकाश महिलाले महिला र पुरुष उम्मेदवारमा के फरक ? भन्ने प्रश्नको सामना गर्नुपरेको बताउँछन् । अधिकारकर्मी सरु जोशीसँग यसको जवाफ सरल र बहुआयामिक तर्क छ । उहाँ लामो समयदेखि नेतृत्व तहमा महिलालाई पुर्याउनुपर्छ भन्ने अभियानमा सक्रिय हुनुहुन्छ । उहाँले विभिन्न अध्ययनहरुबाट महिला नेतृत्व हुन सकेमा भ्रष्टाचार शून्य, स्थायी सुशासन, राज्य व्यवस्थापनमा कुशलता, शान्तिपूर्ण वातावरणमा काम गर्नसक्ने क्षमता, धैर्यता र आत्मविश्वासलगायतका गुण देखिने पुष्टी भइसकेको बताउनुभयो ।

"घरदेखि परसम्मै व्यवस्थापन गर्न सक्षम महिलाको अभ्यासले राज्य सम्हाल्न सक्ने क्षमता नहुने कुरै भएन", उहाँ भन्नुहुन्छ, "महिला सक्षम छन्, एक पटक अवसर दिएर हेर्नुपर्छ ।" आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा तीन हजार ४८६ उम्मेदवारी दर्ता भएकामा तीन हजार ८९ पुरुष र ३९६ महिला र अन्यमा एक जनाले दर्ता गरेका छन् । यस अघिका २०७९ मङ्सिर ४ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्वतन्त्र र राजनीतिक पार्टीसहित जम्मा २३५ जनाले निर्वाचनमा उम्मेदवारी दर्ता गराएका थिए । जसमा सबैभन्दा बढी ५८ जनाले स्वतन्त्र रूपमा उम्मेदवारी दिएका थिए । विगतको तुलनामा यो पटक महिला उम्मेदवार तुलनात्मक रूपमा बढ्दो छ । रासस

## संयोजक 'प्रचण्ड' सहिद परिवार र मतदातासँगको भेटघाटमा व्यस्त



रुकुमपूर्व । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा रुकुमपूर्वबाट उम्मेदवारी दिएसँगै नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' बुधबार शहीद परिवार र मतदातासँगको भेटघाटमा व्यस्त रहनुभएको छ ।

संयोजक प्रचण्डले सिस्ने गाउँपालिका-५ रुमालबारास्थित 'जनयुद्ध'का सहिद परिवारजनसँग घरमै पुगेर भेटघाट गर्नुभयो । सहिद सीता घर्तीकी आमा सावित्रीले जनयुद्धका नायक रुकुमपूर्वबाट प्रतिनिधिसभामा उम्मेदवार बन्दा सिङ्गो रुकुमेली जनता उत्साहित बनेको बताउनुभयो ।

अर्का सहिद बन्दना परियारकी दिदी चेतनाले सशस्त्र युद्धका नेतृत्वकर्ता नै उम्मेदवार बनेर आउँदा रुकुमपूर्वका जनतामा नयाँ आशा पलाएको बताउनुभयो । सहिद जीवन काजी (चन्द्रबहादुर) थापाकी ८६ वर्षीया आमा चन्द्रकुमारीले सहिदका सपना पूरा गर्न सुझाव दिनुभयो ।

सहिद परिवारको कुरा सुनेपछि संयोजक दाहालले सहिदका सपना आफूले बिर्सनै नसक्ने बताउनुभयो । सहिदको सम्मानमा राज्यका तर्फबाट विभिन्न योजना अघि बढेको जानकारी गराउनुभयो । घरदैलो अभियानका क्रममा उहाँले रुकुमपूर्वका पुराना कम्युनिष्ट नेता, कार्यकर्ता तथा स्थानीय जनतासँग प्रत्यक्ष भेटघाट गर्दै नेपाली कम्युनिष्ट पार्टीलाई मतदान गर्न अपिल गर्नुभयो ।

## निर्वाचनसंग सम्बन्धित 'माईअभियान' प्लेटफर्म सार्वजनिक

काठमाण्डु । निर्वाचन प्रणालीलाई प्रविधिमैत्री बनाउँदै चुनावी अभियानलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यका साथ 'माईअभियान' नामक डिजिटल प्लेटफर्म सार्वजनिक भएको ।

डब्लुडब्लुडब्लु माइअभियान डटकम नामक प्लेटफर्ममार्फत उम्मेदवारका लागि मतदाता बुझाइ, डिजिटल सञ्चार, सामाजिक सञ्जाल पोष्टिङ, मतदाता विश्लेषण, एआई सहायता सन्देशलगायतका सुविधालाई एउटै प्रणालीमा समावेश गरी निर्वाचन अभियान व्यवस्थापनलाई पूर्ण रुपमा डिजिटलाइजेसन गर्न सकिने छ ।

'एकाई बेरी टेक्नोलोजी प्रालि'ले तयार गरेको सो प्लेटफर्मले निर्वाचन क्षेत्रको जनसाङ्ख्यकी र अघिल्ला चुनावी नतिजाहरूको गहिरो विश्लेषण गर्ने, मतदाताको राजनीतिक झुकावका आधारमा वर्गीकरण गर्ने, दोधारमा रहेका मतदातालाई समर्थकका रुपमा बदल्न वातावरण सिर्जना गर्ने र वडा तह तथा मतदान केन्द्रसम्मको जानकारीलाई 'डेटा'मा आधारित भई व्यवस्थित गर्न सहयोग पुऱ्याउने स्पष्ट गरेको छ ।

सो कम्पनीका प्रबन्ध निर्देशक प्रशान्त कार्कीका अनुसार निर्वाचनमा भाग लिने उम्मेदवारका लागि आवश्यक सबै रणनीतिक सुविधाहरूलाई एउटै छातामुनि समेटेकाले उम्मेदवारले आफ्ना कार्यकर्ता र स्वयम्सेवकहरूलाई डिजिटल माध्यमबाटै जिम्मेवारी सुम्पिन र उनीहरूको कार्यप्रगतिको प्रत्यक्ष निगरानी गर्न 'माईअभियान' प्लेटफर्म उपयोगी माध्यम हुनेछ ।

कम्पनीले एआई प्रविधिमा आधारित स्मार्ट प्लेटफर्ममार्फत आसन्न निर्वाचनमा भाग लिने उम्मेदवारको चुनावी अभियानलाई सहज, व्यवस्थित,परिणाममुखी बनाउने सहयोग पुग्ने विश्वास लिएको छ । रासस

## ललितपुरको तीन निर्वाचन क्षेत्रमा ७४ जनाको उम्मेदवारी दर्ता



ललितपुर । प्रतिनिधिसभा निर्वाचनका लागि ललितपुरमा ७४ जनाले उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचन अधिकृतको कार्यालयमा मङ्गलबार विभिन्न राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारहरूले मनोनयन दर्ता गराएका हुन् ।

ललितपुर क्षेत्र नं १ मा २८ जनाले उम्मेदवारी दर्ता गराएका छन् । तीमध्ये १२ जना स्वतन्त्र उम्मेदवार रहेका छन् । यस क्षेत्रमा २५ जना पुरुष र तीन जना महिला उम्मेदवार छन् । ललितपुर क्षेत्र नं २ मा २३ जनाले उम्मेदवारी दर्ता गराएका छन् । २३ मध्यमा ७ जना स्वतन्त्र रहनुभएको छ भने १६ जना विभिन्न राजनीतिक दलबाट उम्मेदवार दर्ता गराउनुभएको छ । यस क्षेत्रमा दुई जना महिला उम्मेदवार छन् ।

त्यसैगरी ललितपुर क्षेत्र नं ३ मा पनि २३ जनाको उम्मेदवारी दर्ता भएको छ । तीमध्ये १६ जना विभिन्न राजनीतिक दलबाट र सात जना स्वतन्त्र उम्मेदवार रहेका छन् । यस क्षेत्रमा पाँच जना महिलाले उम्मेदवारी दर्ता गराएका छन् ।

ललितपुर क्षेत्र नं १ मा प्रमुख दलहरूबीच प्रतिस्पर्धा हुने देखिएको छ । नेपाली कांग्रेसबाट उदय शमशेर राणा,राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट बुद्धरत्न महर्जन र नेपाल कम्युनिष्ट पार्टीबाट सुनिल महर्जनलगायतका उम्मेदवार चुनावी मैदानमा हुनुहुन्छ ।

त्यसैगरी ललितपुर क्षेत्र नं ३ बाट रास्वपाकी डा तोसिमा कार्की, कांग्रेसबाट जीतेन्द्र श्रेष्ठ र नेपाल कम्युनिष्ट पार्टीबाट राजकाजी महर्जनले उम्मेदवारी दर्ता गराएका छन् ।

ललितपुर क्षेत्र नं २ बाट निवर्तमान सञ्चारमन्त्री जगदीश खरेल सहित नेपाल कम्युनिष्ट पार्टीबाट राजेन्द्र अमात्य र कांग्रेसबाट राजेन्द्र अमात्य उम्मेदवारी परेको छ । साथै अन्य राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारबीच पनि प्रतिस्पर्धा रहने देखिएको छ । रासस

## दुई पदका लागि स्याङ्जामा २८ जना चुनावी मैदानमा

वालिङ । दुई वटा निर्वाचन क्षेत्र रहेको स्याङ्जामा २८ जनाको उम्मेदवारी परेको छ । क्षेत्र नं १ को जिल्ला सदरमुकाममा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय र क्षेत्र नं २ को वालिङ नगरपालिका कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गराएका हुन् ।

क्षेत्र नं १ मा ११ वटा राजनीतिक दल र दुई स्वतन्त्र उम्मेदवारसहित १३ जनाको उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृत उपेन्द्रप्रसाद गौतमले जानकारी दिनुभयो । उहाँका अनुसार आगामी फागुन २१ हुने हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा, प्रगतिशील लोकतान्त्रिक पार्टी, जनता समाजवादी पार्टी, श्रम संस्कृति पार्टी, मङ्गोल नेसनल अर्गनाइजेसन, उज्यालो नेपाल, राष्ट्रिय जनमुक्ति पार्टीसहित दुई जना स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गराएका हुन् ।

क्षेत्र नं १ मा नेपाली कांग्रेसका भरतराज ढकाल, एमालेका मीनप्रसाद गुरुङ, नेपाली कम्युनिष्ट पार्टीका शैलेन्द्र घिमिरे, राष्ट्रिय स्वतन्त्र पार्टीका डा धनञ्जय रेग्मीलगायत उम्मेदवार रहेका छन् ।

क्षेत्र नं २ मा ११ राजनीतिक दल र चार जना स्वतन्त्र उम्मेदवारसहित १५ जनाको उम्मेदवारी परेको क्षेत्र नं २ का निर्वाचन अधिकृत ऋषि पौडेलले जानकारी दिनुभयो । उम्मेदवारी दिनेमा नेपाली कांग्रेसका भागवतप्रकाश मल्ल, एमालेका खिमबहादुर थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका झविलाल डुम्रे, नेपाली कम्युनिष्ट पार्टीका पदमबहादुर विश्वकर्मालगायत छन् । रासस

## पाल्पाबाट सात स्वतन्त्रसहित ३० जनाको उम्मेदवारी दर्ता



तानसेन । आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पाल्पामा सात स्वतन्त्रसहित ३० जनाको उम्मेदवारी दर्ता भएको छ । उनीहरुले जिल्ला सदरमुकामस्थित मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा गई मनोनयनपत्र दर्ता गराएका हुन् ।

जिल्लामा राष्ट्रिय जनमोर्चाले मात्र एक मात्र महिला उम्मेदवार अघि सारेको छ । दुई निर्वाचन क्षेत्र रहेको पाल्पामा १४ राजनीतिक दलका उम्मेदवारले उम्मेदवारी मनोनयन दर्ता गराएका छन् । पाल्पा क्षेत्र नं १ बाट ९ दल र ४ स्वतन्त्रले उम्मेदवारी दिएका छन् । यहाँ नेकपा (एमाले) बाट नारायणप्रसाद आर्चाय, नेपाली कांग्रेसबाट सन्दिप राना, नेपाली कम्युनिष्ट पार्टीबाट हुमबहादुर सुनारी, राष्ट्रिय स्वतन्त्र पार्टीबाट बिमल पन्त र राष्ट्रिय जनमोर्चाबाट नरमती सिञ्जालीले उम्मेदवारी दर्ता गर्नुभएको निर्वाचन अधिकृत दशरथ पंगेनीले जानकारी दिनुभयो ।


यस्तै मङ्गोल नेशनल अर्गनाइजेसनबाट सलन चिदी, नेशनल रिपब्लिक नेपालबाट थमनसिंह रेग्मी मगर, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट बृहस्पति अर्याल, नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) बाट पुरन गैरे शर्मा तथा स्वतन्त्रबाट कौशल अर्याल, डिल्लीराज काफ्ले, जुद्धबहादुर विरकट्वा र वाछावली मियाले मनोनयन दर्ता गर्नुभएको छ ।

यस्तै क्षेत्र नं २ बाट १४ राजनीतिक दल र तीन स्वतन्त्र उम्मेवारले मनोनयन दर्ता गरेका छन् । यहाँ नेकपा (एमाले) बाट ठाकुर गैरे, नेपाली कांग्रेसबाट हिमालदत्त श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीबाट सोमप्रसाद पाण्डेय, राष्ट्रिय स्वतन्त्र पार्टीबाट माधवबहादुर थापाले उम्मेदवारी दिनुभएको छ । त्यसैगरी राष्ट्रिय जनमोर्चाबाट बालबहादुर दर्लामी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट डुलबहादुर कुँवर, नेशनल रिपब्लिक नेपालबाट देवप्रसाद श्रेष्ठ, सार्वभौम नागरिक पार्टीबाट रामबहादुर अस्लामी, जनता समाजवादीबाट खिकबहादुर रेश्मी, राष्ट्रिय जनमुक्तिबाट टोपबहादुर अस्लामी, मङ्गोल नेसनल अर्गनाइजेसनबाट मानबहादुर दर्लामी, नेपाल कम्युनिष्ट पार्टी( माओवादी)बाट विष्णु ठडराई, प्रगतिशिल लोकतान्त्रिक पार्टीबाट बोधराज जैसी, नेपाल मजदुर किसान पार्टीबाट कृष्णशोभा मुस्याख्वले उम्मेदवारी दर्ता गराएका छन् ।रासस

## पाँचथरमा एकजना युवा उम्मेदवार, महिला र दलित शून्य

पाँचथर । आगामी फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पाँचथरमा १५ वटा राजनीतिक दलबाट उम्मेदवारी दर्ता हुँदा एकजना मात्रै युवा परेका छन् भने महिला र दलितको सङ्ख्या शून्य छ । एउटा मात्रै प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेको पाँचथरमा युवा उमेर समूहबाट प्रगतिशील लोकतान्त्रिक पार्टीका तर्फबाट ३८ वर्षीय प्रकाश काफ्लेको मात्र उम्मेदवारी परेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

नेपाल मजदुर किसान पार्टीका लक्ष्मन तामाङ र श्रम संस्कृति पार्टीका हस्तराज शेर्मा ४० वर्षको हुनुहुन्छ । अन्य दलका उम्मेदवारको उमेर ४२ वर्षदेखि ६९ वर्षसम्म रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले



जनाएको छ । जेनजी पुस्ताको आन्दोलनबाट नयाँ सरकार गठन भई प्रतिनिधिसभा सदस्य निर्वाचन हुन लागेको भए पनि यहाँ युवा उमेर समूहबाट अत्यन्तै कम मात्रै उम्मेदवारी परेको हो । मुख्य राजनीतिक दलले प्रतिनिधिसभा सदस्यको उम्मेदवारमा नयाँ अनुहार ल्याएका छन् ।

नेपाली कांग्रेसबाट कांग्रेस केन्द्रीय सदस्य नरेन्द्रकुमार केरुङ उम्मेदवार हुनुहुन्छ । उहाँ विसं २०७० मा सम्पन्न संविधानसभा निर्वाचन तथा विसं २०७४ मा सम्पन्न प्रदेशसभा निर्वाचनमा उम्मेदवार भइसक्नुभएको छ । एमालेका उम्मेदवार अइन्द्रसुन्दर नेम्बाङ दोस्रो संविधानसभाको सदस्य तथा एमालेको केन्द्रीय सदस्य हुनुहुन्छ ।

नेपाली कम्युनिष्ट पार्टीले तत्कालीन नेकपा (माओवादी केन्द्र) कोशी प्रदेशका अध्यक्ष हर्कबहादुर नेम्वाङलाई उम्मेदवार बनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले महेन्द्रविक्रम थाम्सुहाङलाई उम्मेदवार बनाएको छ । साथै राष्ट्रिय प्रजातन्त्र पार्टीले ६२ वर्षीय तेजकुमार कुरुम्बाङलाई उम्मेदवार बनाएको छ । रासस

# भेनेजुएलाको तेल व्यवस्थापनमा अमेरिकी सक्रियता बढ्दो

एपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले भेनेजुएलाको तेल आपूर्ति र वितरणमा नियन्त्रण बढाउने प्रयासअन्तर्गत अमेरिकी सेनाले भेनेजुएलासँग सम्बन्धित सातौँ प्रतिबन्धित तेल ट्याङ्कर आफ्नो नियन्त्रणमा लिएको छ।

अमेरिकी दक्षिणी कमाण्डका अनुसार 'एमभी साजित्ता' नामक उक्त तेल ट्याङ्करलाई कुनै अप्रिय घटना बिना नियन्त्रणमा लिइएको हो। सो ट्याङ्कर क्यारेबियन क्षेत्रमा प्रतिबन्धित जहाजहरूमाथि लागू गरिएको अमेरिकी 'क्वारेन्टाइन' को उल्लङ्घन गर्दै सञ्चालन भइरहेको जनाइएको छ।



लाइबेरियामा दर्ता भएको उक्त ट्याङ्कर हङकङस्थित कम्पनीको स्वामित्व तथा व्यवस्थापनमा रहेको बताइएको छ। यस जहाजले पछिल्लो पटक दुई महिनाभन्दा बढी समयअघि युरोपको बाल्टिक सागर क्षेत्र छाड्दा आफ्नो स्थान प्रसारण गरेको थियो। अमेरिकी अधिकारीहरूका अनुसार ट्याङ्करले भेनेजुएलाबाट तेल लिएको पुष्टि भएको छ।

अमेरिकी अर्थ मन्त्रालयले सन् २०२२ मा युक्रेनमाथि रुसको आक्रमणसँग सम्बन्धित कार्यकारी आदेश अन्तर्गत उक्त ट्याङ्करमाथि प्रतिबन्ध लगाएको थियो।

दक्षिणी कमाण्डले सामाजिक सञ्जालमार्फत जारी गरेको विज्ञप्तिमा भनिएको छ,"यो कदमले भेनेजुएलाबाट बाहिरिने तेल अन्तर्राष्ट्रिय नियम र कानुनअनुसार मात्र हुनुपर्ने हाम्रो प्रतिबद्धता देखाउँछ।"

यसअघि जनवरी ३ मा भेनेजुएलाका राष्ट्रपति निकोलास मादुरो पदबाट हटाइएपछि ट्रम्प प्रशासनले भेनेजुएलाको तेल उत्पादन, प्रशोधन तथा अन्तर्राष्ट्रिय वितरणमा सक्रिय भूमिका निर्वाह गर्ने नीति अघि सारेको छ।

अमेरिकी अधिकारीहरूका अनुसार तेल ट्याङ्करहरू नियन्त्रणमा लिएर प्राप्त हुने आम्दानी भेनेजुएलाको कमजोर अर्थतन्त्र र तेल उद्योग पुनःनिर्माणमा प्रयोग गर्ने लक्ष्य राखिएको छ।

राष्ट्रपति ट्रम्पले हालै तेल कम्पनीका प्रमुखहरूसँग भेट गरी भेनेजुएलाको तेल क्षेत्रमा करिब १०० अर्ब अमेरिकी डलर लगानी गर्ने योजना सार्वजनिक गरेका थिए। उहाँले अमेरिका कम्तीमा तीन करोडदेखि पाँच करोड ब्यारेल भेनेजुएलाली तेल बिक्री गर्ने तयारीमा रहेको बताउनुभयो।

मङ्गलबार ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले अमेरिकाले हालसम्म पाँच करोड ब्यारेल तेल भेनेजुएलाबाट बाहिर लगिसकेको दाबी गर्नुभयो। "हामीसँग अझै ठूलो परिमाणमा तेल बाँकी छ, जसलाई खुला बजारमा बिक्री गरिँदैछ," उहाँले भन्नुभयो।

पहिलो तेल ट्याङ्कर डिसेम्बर १० मा भेनेजुएलाको तट नजिकै नियन्त्रणमा लिइएको थियो। त्यसपछि अधिकांश ट्याङ्करहरू भेनेजुएलाको आसपासका समुद्री क्षेत्रमा नियन्त्रणमा लिइएका छन्। बेला एक नामक ट्याङ्कर भने उत्तर अटलान्टिक क्षेत्रमा नियन्त्रणमा लिइएको थियो।

विश्लेषकहरूका अनुसार अमेरिकाको यस कदमले भेनेजुएलाको तेल व्यापार, अन्तर्राष्ट्रिय ऊर्जा बजार तथा क्षेत्रीय राजनीतिक समीकरणमा दीर्घकालीन प्रभाव पार्न सक्ने देखिन्छ।

# साविक विजेता पिएसजीको हार



एजेन्सी । स्पोर्टिङ सिपीले च्याम्पियन्स लिगमा साविक विजेता पेरिस सेन्ट-जर्मेन (पिएसजी) लाई मंगलवार २-१ ले हराएको छ। ल्युइस सुयारेजले निर्णायकसहित २ गोल गर्दै टोलीको जित सुनिश्चित गरे।

ख्विचा क्वारात्सखेलियाले पिएसजीको लागि ७९ औं राम्रो गरेपछि बराबरीको सम्भावना देखिएको थियो। तर त्यस्तो भएन। पिएसजीको शीर्ष आठमा स्थान पाउने आशा कमजोर भयो।

खेलको सुरुवातमा पिएसजीले केही अवसर पायो तर गोल गर्न सकेन। फाबियन रुइजले हेडर गर्दा गोल भएजस्तो भयो तर भिएआर समीक्षा पछि फाउल भएकाले गोल रद्द भयो। त्यसपछि अर्को अवसरमा पनि पिएसजीले गोल गर्न खोज्यो तर सफल भएन।

सुयारेजले ७४ औं मिनेटमा गोल गर्दै स्पोर्टिङ्ले अग्रता दिलाए। त्यसको ५ मिनेटमा पिएसजीले बराबरी गर्दै खेलमा फर्कियो। तर ९० औं मिनेटमा सुयारेजले ट्रिन्काओको प्रयासको रिबाउन्ड हेडर गर्दै विजयी गोल गरे।

रियल मड्रिडले च्याम्पियन्स लिगमा मोनाकोमाथि ६-१ को शानदार जित निकालेको छ।

आल्भारो आर्बेलोआको प्रशिक्षणमा पहिलो च्याम्पियन्स लिग खेलमा किलियन एमबाप्पेले २ गोल गरे भने भिनिसियस जुनियरले एक गोलसहित उत्कृष्ट प्रदर्शन गरे।

खेल शुरु भएको पाँच मिनेटमै एमबाप्पेले गोल गर्दै रियललाई अग्रता दिलाए। २६ औं मिनेटमा भिनिसियसको पासमा एमबाप्पे दोस्रो गोल गरे। पहिलो हाफअघि मोनाकोले केही अवसर सिर्जना गरे पनि गोल गर्न सकेन।

दोस्रो हाफमा रियल पूर्ण रूपमा हाबी रह्यो। फ्रान्को मास्तान्तुओनोले ५१ औं मिनेटमा च्याम्पियन्स लिग करियरको पहिलो गोल गरे। त्यसपछि मोनाकोका खेलाडी थिलो केहरले ५५ औं मिनेटमा आत्मघाती गोल गर्दा रियलको अग्रता झनै बढ्यो।

६३औं मिनेटमा भिनिसियसले सुन्दर गोल गरे। मोनाकोका लागि जोर्डन तेजेले ७२ औं मिनेटमा गोल फर्काए। ८० औं मिनेटमा जुड बेलिङ्घमले गोल गरेपछि रियलले फराकिलो जित निकाल्यो। यो जितसँगै रियल तालिकामा दोस्रो स्थानमा उक्लिएको छ।

आर्सनलले इन्टर मिलानलाई ३-१ ले हराएसँगै च्याम्पियन्स लिगको अन्तिम १६ मा प्रवेश गरेको छ। इटालीको सान सिरो मैदानमा भएको खेलमा आर्सनलले उत्कृष्ट प्रदर्शन गर्‍यो।

खेलको १०औं मिनेटमा गाब्रिएल जेसुसले गोल गर्दै आर्सनललाई अग्रता दिलाए। तर इन्टरले पेतार सुचिचको गोलमा १८ औं मिनेटमा खेल बराबरीमा गर्‍यो। त्यसपछि ३१औं मिनेटमा बुकायो साकाको कर्नरमा आएको बल रिबाउन्डमा जेसुसले गोल गर्दै आर्सनललाई फेरि अगाडि बढाए।

दोस्रो हाफमा पनि आर्सनलले खेल नियन्त्रणमा राख्यो। जेसुसको स्थानमा मैदान प्रवेश गरेका भिक्टर ग्योकरसले ८४ औं मिनेटमा गाब्रिएल मार्टिनेलीको पासमा गोल गर्दै जित पक्का गरे। यो जितसँगै आर्सनल लिग चरणको शीर्ष दुईभित्र रहने निश्चित भएको छ।

च्याम्पियन्स लिगमा नर्वेको क्लब बोडो/ग्लिम्टले अप्रत्याशित नतिजा निकाल्ने क्रममा म्यानचेस्टर सिटीलाई ३-१ ले हराएको छ।

घरेलु मैदानमा भएको यस खेलमा कास्पर होगले २ गोल गर्दै बोडोको जितमा निर्णायक भूमिका खेले।

खेलको पहिलो हाफमै बोडोले सिटीलाई दबाबमा राख्यो।

२२ औं मिनेटमा होगले ओले डिड्रिक ब्लोमबर्गको क्रसमा हेडरमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाए। त्यसको दुई मिनेट नबित्दै होगले दोस्रो गोल गर्दै बोडोको पकड बलियो बनाए।

५८ औं मिनेटमा जेन्स पेटर हाउगेले टाढाबाट शानदार गोल गर्दै अग्रता ३-० पुर्‍याए। त्यसपछि ६० औं मिनेटमा रायन चेर्कीले सिटीका लागि गोल फर्काए।

६१ औं मिनेटमा सिटीका रोड्रीले छोटो समयमै दुई पहेंलो कार्ड पाएपछि रातो कार्डसहित मैदान छाड्नुपर्‍यो। त्यसपछि १० खेलाडीमा सीमित सिटी पुनरागमन गर्न असफल भयो।

खेलभरि बोडो आक्रामक र प्रभावशाली देखियो। होगले थप गोल गर्ने अवसर पाए पनि अफसाइडका कारण गोल मान्य भएन। बोडो/ग्लिम्टले प्ले-अफमा पुग्ने आशा जीवित राखेको छ। सिटीको शीर्ष आठमा पुग्ने लक्ष्यमा धक्का लागेको छ।

# अन्तर्राष्ट्रिय तेल बजारमा गिरावट, विश्वव्यापी लगानीकर्तामा अनिश्चितता



एपी । एशियाली शेयर बजारमा बुधबार प्रायः गिरावट देखिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्याण्डसँग सम्बन्धित शुल्क वृद्धि गर्ने धम्की दिएपछि लगानीकर्तामा निरासा छाएको छ। टोकियोको निक्की २२५ सूची ०.७ प्रतिशतले घटेको छ। दक्षिण कोरियाको कोस्पी ०.५ प्रतिशतले घटेको छ भने हङकङको हाङ सेनग ०.२ प्रतिशतले घटेको छ। शाङ्घाई सूची भने ०.२ प्रतिशतले बढेको छ। सुनको मूल्य पहिलो पटक प्रति तोलामा चार हजार ८०० डलर नाघेको छ। लगानीकर्ताले अनिश्चित समयमा सुरक्षित सम्पत्तिमा पैसा लगाउने प्रवृत्ति देखाएका छन्।

मङ्गलबार वा'ल स्ट्रिटमा ठूला गिरावट आएपछि बुधबार अमेरिकी शेयर भविष्यका मूल्यहरू केही बढेका छन्। एस एण्ड पी ५०० को भविष्य मूल्य ०.३ प्रतिशतले बढेको छ भने डाउ जोन्स औद्योगिक सूची ०.२ प्रतिशतले बढेको छ। मङ्गलबार एस एण्ड पी ५०० २.१ प्रतिशतले घटेर ६ हजार ७९६.८६ मा पुगेको थियो।

एनभिडिया कम्पनीको शेयर ४.४ प्रतिशतले घटेको छ। एप्पल ३.५ प्रतिशतले घटेको छ। खुद्रा विक्रेता, बैङ्क र औद्योगिक कम्पनीहरू पनि घाटामा रहेका छन्। जेपीमार्गन चेइस ३.१ प्रतिशत र क्याटरपिलर २.५ प्रतिशतले घटेको छ।

अमेरिकी फेडरल रिजर्भले अर्को हप्तामा आफ्नो नीतिगत बैठक गर्ने तय गरेको छ। बजारले अनुमान प्रमुख ब्याजदरमा कुनै परिवर्तन नहुने लगाएको छ। जापानको केन्द्रीय बैङ्कले शुक्रबार आफ्नो पहिलो मौद्रिक नीतिगत बैठक सम्पन्न गर्नेछ।

तेल बजारमा अमेरिकी क्रूड तेल प्रति ब्यारेल ५६ सेन्टले घटेर ५९.८० डलरमा पुगेको छ।

# बङ्गलादेशको आम निर्वाचनमा दुई हजार उम्मेदवारको तयारी



सिन्ह्वा। आगामी फब्रुअरी-१२ का लागि तय गरिएको बङ्गलादेशको १३ औं आम चुनावका लागि दुई हजार उम्मेदवारले चुनाव लड्ने तयारी गरेको बङ्गलादेशको निर्वाचन आयोगले जनाएको छ।

आयोगले मङ्गलबार उम्मेदवारी दर्ता, छानविन, अपिल, फिर्ता र उम्मेदवारको सूची अन्तिम रूप दिए पछि अद्यावधिक तथ्याङ्क जारी गरेको जनाएको छ।

बङ्गला देशका ३०० निर्वाचन क्षेत्रहरू मध्ये २९८ मा एक हजार ९६७ लड्ने तथारी गरेको उल्लेख गर्दै बाँकी दुई निर्वाचन क्षेत्रबाट उम्मेदवारको सूची तयार भएपछि यो सत्_या अझै बढ्ने अनुमान आयोगले गरेको छ।

सीमाको विषयलाई लिएर कानुनी विवाद भएका कारण दुई निर्वाचन क्षेत्रहरूमा उम्मेदवारी फिर्ता लिने समयसीमा जनवरी-२६ सम्म बढाइएको थियो।

यसअघि फेब्रुअरी- १२ मा हुन लागेको निर्वाचनमा भाग लिन करिब तीन हजार नामाङ्कन पत्र सङ्कलन गरिएको जनाइएको छ।

गत महिना आयोगले पूर्व प्रधानमन्त्री शेख हसिनाले सन् २०२४ अगस्ट मा राजीनामा दिएर देश छोडे पछि पहिलो पटक आम चुनावका लागि १२ करोड ७० लाखभन्दा बढी मतदाताले नामावली दर्ता गरेको बताएको थियो।

# उत्पादन बढाउँदै पानी खपत घटाउने चीनको दीर्घकालीन योजना

सिन्ह्वा। चीनले सन् २०३० सम्ममा आर्थिक उत्पादनसँग सम्बन्धित पानीको खपत उल्लेखनीय रूपमा घटाउने लक्ष्य तय गरेको छ। जलस्रोत मन्त्रालयअन्तर्गतको राष्ट्रिय जल संरक्षण कार्यालयका अनुसार कुल गार्हस्थ उत्पादनको प्रत्येक दश हजार युआन तथा औद्योगिक उत्पादनको प्रत्येक दश हजार युआनमा प्रयोग हुने पानीको मात्रा सन् २०२५ को स्तरको तुलनामा दश प्रतिशतभन्दा बढीले घटाइनेछ।



मन्त्रालयका एक वरिष्ठ अधिकारीका अनुसार पन्ध्रौं पञ्चवर्षीय योजना अवधि, अर्थात् सन् २०२६ देखि सन् २०३० सम्म, चीनको जल नीति उच्च गुणस्तरीय जल संरचना विकास र राष्ट्रिय जल सुरक्षालाई केन्द्रमा राखेर कार्यान्वयन गरिनेछ। यस अवधिमा पानी बचतसम्बन्धी कानुनी, संस्थागत र नीतिगत व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ, ताकि सीमित जलस्रोतको प्रभावकारी र दिगो उपयोग सुनिश्चित गर्न सकियोस्।

सन् २०३० को अन्त्यसम्म हासिल गर्नुपर्ने प्रमुख लक्ष्यहरूमध्ये कृषि क्षेत्रमा सिँचाइका लागि प्रयोग हुने पानीको प्रभावकारी उपयोग गुणाङ्क शून्य दशमलव छ भन्दा माथि पुर्‍याउने लक्ष्य राखिएको छ। यसले कम पानी प्रयोग गरी उत्पादन वृद्धि गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ। साथै, पानी बचतसँग सम्बन्धित उद्योगको समग्र आकार बाह्र खर्ब युआनभन्दा बढी विस्तार गर्ने योजना पनि अघि सारिएको छ।

त्यसैगरी, परम्परागत स्रोतबाहेकका वैकल्पिक पानी स्रोतहरूको प्रयोग बढाइनेछ। यस्ता स्रोतको वार्षिक उपयोग मात्रा तीस अर्ब घन मिटरभन्दा बढी पुर्‍याउने लक्ष्य लिइएको छ। पानीको अभाव भएका वा अत्यधिक उपयोग भएका क्षेत्रहरूमा पुनःप्रयोग गरिएको पानीको प्रयोग दर तीस प्रतिशतभन्दा बढी बनाइनेछ।

उपत्यकाबाट निस्कने पानीको उपयोगलाई विशेष प्राथमिकता दिइनेछ। यस क्षेत्रका खानी पानीको उपयोग दर सत्तरी प्रतिशतभन्दा बढी पुर्‍याउने लक्ष्य राखिएको छ, जसले नदी प्रणालीमाथिको दबाब कम गर्न सहयोग पुर्‍याउने विश्वास गरिएको छ।

सन् २०२६ मा केन्द्रदेखि स्थानीय तहसम्मका सबै जल संरचना निकायहरूले जलस्रोत व्यवस्थापनलाई थप सुदृढ बनाउनेछन्। पानी संरक्षण प्रणाली सुधार गर्ने, पानी बचतसम्बन्धी सामाजिक चेतना बढाउने तथा आधुनिक पानी बचत औद्योगिक प्रणालीको विकासलाई तीव्रता दिने कार्य गरिनेछ।

# भन्सार शुल्कमार्फत अमेरिकी व्यापार नीतिमा परिवर्तनको प्रयास

एपी । सन् २०२५ मा पुनः राष्ट्रपतिको जिम्मेवारी सम्हालेपछि डोनाल्ड ट्रम्पले अमेरिकी व्यापार नीतिमा केही महत्वपूर्ण परिवर्तनको प्रस्ताव गर्नुभएको छ। यी परिवर्तनअन्तर्गत उहाँले विभिन्न देशबाट आयात हुने वस्तुमा भन्सार शुल्क बढाउने नीति अपनाउनुभएको छ, जसले दशकौँदेखि कायम रहेको खुला व्यापार प्रणालीमा नयाँ दिशा दिएको छ।



उच्च भन्सार शुल्क लागू भएसँगै विश्वव्यापी व्यापार गतिविधिमा असर परेको छ। यसका कारण अमेरिकी व्यवसाय र उपभोक्ताको खर्च केही बढेको देखिएको छ, यसले आयातकर्ताले तिर्ने अतिरिक्त कर अन्ततः उपभोक्तामाझ वस्तुको मूल्यमा समावेश हुने गरेको छ।

राष्ट्रपति ट्रम्पले भन्सार शुल्कको उद्देश्य अमेरिकी व्यापार घाटा घटाउने, स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने र उत्पादनलाई देशभित्रै विस्तार गर्ने रहेको स्पष्ट पार्नुभयो। उहाँका अनुसार यसले दीर्घकालीन रूपमा अमेरिकी अर्थतन्त्रलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।

विज्ञहरूले व्यापार नीतिमा एकैचोटि गरिएका यस्ता परिवर्तनले छोटो अवधिमा बजारमा केही अनिश्चितता सिर्जना गरेको जनाएका छन्। सन् २०२५ को अवधिमा भन्सार शुल्कसम्बन्धी निर्णयहरू बारम्बार संशोधन हुँदा व्यवसाय र लगानीकर्ताले सतर्कता अपनाएको देखिएको छ।

उपलब्ध तथ्याङ्कअनुसार सन् २०२५ को अन्त्यतिर अमेरिकाको औसत प्रभावकारी भन्सार दर उल्लेखनीय रूपमा बढेको छ। यसबाट सरकारी कोषमा अतिरिक्त राजस्व संकलन भए पनि, यो सङ्घीय आम्दानीको सापेक्षिक रूपमा सीमित हिस्सा मात्र रहेको विश्लेषण गरिएको छ।

व्यापार घाटा केही हदसम्म घटेको भए पनि समग्र अवस्थामा अझै चुनौतीपूर्ण नै रहेको देखिन्छ। चीनसँगको व्यापारमा आयात घटेको छ भने केही अन्य देशसँगको व्यापार विस्तार भएको छ, जसले व्यापार प्रवाहमा क्रमिक परिवर्तन आएको सङ्केत गर्दछ।

भन्सार शुल्कको प्रभाव सेयर बजारमा पनि देखिएको छ। नीतिगत घोषणाका समयमा बजारमा उतारचढाव देखिए पनि दीर्घकालीन प्रभावबारे विश्लेषण जारी छ।

समग्रमा, राष्ट्रपति ट्रम्पले अघि सारेको भन्सार शुल्क नीति अमेरिकी व्यापार नीतिमा परिवर्तनको एक महत्वपूर्ण प्रयासका रूपमा हेरिएको छ। यसले भविष्यमा अर्थतन्त्र, उद्योग र उपभोक्तामाथि कस्तो प्रभाव पार्नेछ भन्ने विषयमा सम्बन्धित पक्षहरूबीच छलफल र अध्ययन जारी रहेको छ।

## संयुक्त राष्ट्रसङ्घद्वारा इजरायली कब्जामा रहेको जेरुसेलम स्थित युएनआरडब्लुएको मुख्यालय ध्वस्त पार्ने कार्यको निन्दा

क्युएनए। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) को जेरुसेलमको शेख जराह स्थित भवन इजरायली अधिकारीहरूले कब्जा गरी ध्वस्त पारेकोमा निन्दा गर्नु भएको छ।

विज्ञप्ति जारी गर्दै महासचिव गुटेरेसले इजरायल सरकारलाई युएनआरडब्लुएको विध्वंस तुरुन्तै रोक्न र ढिलाइ नगरी संयुक्त राष्ट्रसङ्घमा ि फर्ता गर्न र पुनर्स्थापना गर्न आग्रह गर्नु भएको छ।

गुटेरेसले शेख जराह कम्पाउन्ड संयुक्त राष्ट्रको सम्पत्ति भएको उल्लेख गर्दै कुनै पनि प्रकारको हस्तक्षेपबाट सुरक्षित हुनुपर्ने छ।

# संयुक्त राष्ट्र र ट्रम्पको शान्ति बोर्ड : विश्व राजनीतिमा नयाँ मोड

एपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्र सङ्घ (यूएन) विश्व शान्ति र सुरक्षा कायम राख्न महत्वपूर्ण भूमिका खेलिरहेको भन्दै यसलाई जारी राख्नुपर्ने बताउनुभएको छ। तर उहाँले भन्नुभयो,"उहाँले प्रस्ताव गरेको 'शान्ति बोर्ड' भविष्यमा यस संस्थाको भूमिका प्रतिस्थापन गर्न सक्ने सम्भावना छ।"

ट्रम्पले ह्वाइट हाउसमा आयोजित प्रेस सम्मेलनमा राष्ट्र सङ्घ युद्ध रोक्न पर्याप्त प्रभावकारी नभएको बताउनुभयो। "राष्ट्र सङ्घको क्षमता ठूलो भएकाले यसको अस्तित्व कायम रहन जरुरी छ। शान्ति बोर्डले विश्वभरका युद्ध र द्वन्द्व समाधानमा सहयोग पुर्‍याउने उद्देश्य राख्नेछ।"



शान्ति बोर्ड अमेरिकी सरकारले तयार गरेको २० बुँदे शान्ति योजनाको हिस्सा हो। यसले इजरायल र प्यालेस्टाइनबीच शान्ति स्थापना र गाजा पट्टीको पुनर्निर्माणमा सहयोग गर्ने लक्ष्य राख्दछ। तथापि, बोर्डले विश्वभरका द्वन्द्व समाधानमा सहयोग पुर्‍याउने व्यापक योजना प्रस्तुत गरेको छ।

कूटनीतिज्ञहरूले यसलाई 'ट्रम्प संस्करणको संयुक्त राष्ट्र' भन्दै आलोचना गरेका छन्। उहाँहरूको भनाइ अनुसार, यदि योजना कार्यान्वयन भयो भने यसले राष्ट्र सङ्घको भूमिका कमजोर बनाउन सक्छ। राष्ट्र सङ्घ महासचिव एन्टोनियो गुटेरेसका उप प्रवक्ताले सदस्य राष्ट्रहरू विभिन्न समूहमा स्वतन्त्र रूपमा मिलेर काम गर्न स्वतन्त्र रहेको बताउनुभएको छ।

# इलेक्ट्रीशियनहरूका लागि लिट्मसको सीप सुधार कार्यक्रम




**टुडे समाचारदाता**

काठमाण्डू । इलेक्ट्रीसियनहरूका लागि लिट्मस इन्डस्ट्रिज लिमिटेडले सीप सुधार कार्यक्रम आधिकारिक रूपमा शुरुवात गरेको छ। शिक्षा, दक्षता र सुरक्षा भन्ने कम्पनीको नारामा आधारित यो विशेष सीपमुलक कार्यक्रम सुरुमा काठमाण्डूमा गर्न लागिएको र निकट भविष्यमै देशव्यापी विस्तार गर्ने योजना रहेको जनाइएको छ।

सीप सुधार कार्यक्रम लिट्मसका उत्पादन प्रयोग गर्ने इलेक्ट्रीशियनहरूका लागि विशेष रूपमा तयार गरिएको हो, जसले कम्पनीले आफ्ना ग्राहकप्रति राखेको जिम्मेवारी र योगदानको प्रतिबिम्ब देखाउँछ । यस पहलमार्फत लिट्मसले प्राविधिक सीपलाई थप सुदृढ बनाउँदै देशभर सुरक्षित इलेक्ट्रिक अभ्यासलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

लिट्मसले एक प्रेस विज्ञप्ति जारी गरी बीस दिने तालिम कार्यक्रमले सैद्धान्तिक र व्यवहारिक दुवै पक्षमा ध्यान केन्द्रित गर्नेछ। यसमा औद्योगिक इलेक्ट्रिक वायरिङ तथा स्थापना, मोटर कन्ट्रोल प्रणाली, अर्थिङ, लाइटनिङ प्रोटेक्सन, जेनेरेटर प्रणाली तथा अन्य आवश्यक ह्यान्ड्स-अन सीपहरू समावेश रहेको जनाएको छ । इलेक्ट्रीशियनहरूको दक्षता बढाएर सुरक्षित वायरिङ र गुणस्तरीय विद्युत सुनिश्चित गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ।

यो तालिमसँग आबद्ध बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीसँगको सहकार्यमा सञ्चालन भइरहेको छ, जसले संरचित, उद्योग-सम्बन्धित र मापदण्डयुक्त प्राविधिक शिक्षा सुनिश्चित गर्नेछ।

कार्यक्रमको औपचारिक शुरुवात लिट्मस इन्डस्ट्रिज लिमिटेडकी निर्देशक साक्षी गुप्ता र बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीका प्रिन्सिपल सुशील कुमार श्रेष्ठबीच भएको हस्ताक्षर समारोहमार्फत गरिएको हो।

समारोहमा बोल्दै लिट्मस इन्डस्ट्रिज लिमिटेडकी निर्देशक साक्षी गुप्ताले भने, "यो पहल तालिम मात्र नभएर समाज र ग्राहकप्रतिको हाम्रो जिम्मेवारी हो । लिट्मस सधैं आफ्ना ग्राहकसँग उभिएको छ र सधैं उभिरहनेछ, शिक्षा र सीप विकासको यो कार्यक्रम मार्फत सुरक्षित वायरिङ अभ्यास र गुणस्तरीय विद्युत स्थापनालाई प्रवर्द्धन गर्नेछ। काठमाडौंबाट सुरु गरिएको यो तालिम देशभर विस्तार गर्न पाउँदा हामी गर्वान्वित छौं।"

बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीका प्रिन्सिपल सुशील कुमार श्रेष्ठले आफ्नो धारणा व्यक्त गर्दै भने, "लिट्मस इन्डस्ट्रिज लिमिटेडजस्तो प्रतिष्ठित कम्पनीसँग यो महत्वपूर्ण पहलमा सहकार्य गर्न पाउँदा हामी अत्यन्त खुसी छौं । यस कार्यक्रमले इलेक्ट्रीशियनहरूको सीप, व्यवसायिक दक्षता र सुरक्षा सचेतनामा वृद्धि गरी समाजमा सकारात्मक प्रभाव पार्नेछ।

# लगातार दुई आर्थिक वर्ष बजेट ल्याउन नपाएका ६ पूर्वअर्थमन्त्री चुनावी दौडमा

काठमाण्डु । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फका १६५ सिटका लागि मङ्गलबार मनोनयन दर्ता भइसकेको छ। ती पदका लागि देशभरबाट तीन हजार ४०० भन्दा बढी व्यक्तिले उम्मेदवारी दिएका छन्।

विभिन्न राजनीतिक दलको चुनाव चिह्नमा निर्वाचन लड्नेदेखि स्वतन्त्र उम्मेदवारी दिने र लामो राजनीतिक पृष्ठभूमि तथा संसदीय अभ्यासमा घुलेकादेखि पहिलोपटक आकांक्षी देखिएकासम्मबाट मनोनयन दर्ता भएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चार पूर्वप्रधानमन्त्री चुनावी मैदानमा उत्रिदा ६ पूर्वअर्थमन्त्री र एक पूर्वअर्थराज्यमन्त्री सङ्घीय सांसद बन्ने प्रतिस्पर्धामा होमिएका छन्।

पूर्व अर्थमन्त्रीसमेत रहनुभएका पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, पाँच पटकसम्म अर्थमन्त्री बन्नुभएका निवर्तमान अर्थमन्त्री विष्णुप्रसाद पौडेल, समान दुईपटक अर्थमन्त्री भएका वर्षमान पुन र जनार्दन शर्मा, अर्थमन्त्रीको जिम्मेवारी सम्हाले पनि वार्षिक बजेट ल्याउन नपाएका ज्ञानेन्द्रबहादुर कार्की र अघिल्लोपटक समानुपातिक सांसद रहेर अर्थमन्त्री बन्नुभएका डा प्रकाशशरण महत आसन्न निर्वाचनका लागि प्रत्यक्षतर्फका उम्मेदवार हुनुहुन्छ। पूर्वअर्थराज्यमन्त्री उदयशम्शेर जबरा पनि प्रत्यक्षतर्फका उम्मेदवार हुनुहुन्छ।

शीर्षस्थ दलसँगको आबद्धता, प्रभावशाली राजनीतिज्ञका रुपमा पहिचान र दरिलो विषयगत ज्ञान भए पनि यी कुनैपनि पूर्वअर्थमन्त्रीले लगातार दुई आर्थिक वर्षको बजेट ल्याउन पाएनन् । पटक-पटक फेरिने राजनीतिक गठबन्धन र सरकार बन्ने-भत्किने श्रृङ्खला चलिरहँदा यी कुनै पनि अर्थमन्त्रीले अघिल्लो वर्षका योजना र कार्यक्रम पछिल्लो वर्ष आफै निरन्तरता दिने अवसर पाएनन् । बजेट निर्माण गर्दा एउटा र कार्यान्वयन गर्दा अर्कै व्यक्ति अर्थ मन्त्रालयको नेतृत्वमा रहने क्रम पटक-पटक दोहोरियो।

विसं २०६५ यताको बजेट इतिहास हेर्दा राष्ट्रियसभा सदस्यका रुपमा संसद् छिरेका डा युवराज खतिवडाले तीन वटा, संविधानसभा सदस्य डा रामशरण महतले दुई वटा र तत्कालीन अन्तरिम चुनावी मन्त्रिपरिषद्का अर्थमन्त्री शङ्करप्रसाद कोइरालाले दुई वटा बजेट लगातार ल्याएको देखिन्छ । अध्यादेशमार्फत ल्याइका पेस्की बजेट र पुरक बजेटलाई छोडेर हेर्ने हो भने प्रतिनिधिसभा सदस्यका रुपमा माथि उल्लिखित कुनै पनि पूर्वअर्थमन्त्रीले लगालग दुई आर्थिक वर्षको बजेट ल्याउन पाएका थिएनन्।



पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका डा भट्टराईले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गोरखा क्षेत्र नम्बर दुईबाट उम्मेदवारी दर्ता गर्नुभएको छ। प्रगतिशील लोकतान्त्रिक पार्टीबाट चुनाव लड्न लाग्नुभएका भट्टराईले अर्थमन्त्रीका रुपमा आर्थिक वर्ष २०६५/६६ को बजेट ल्याउनुभएको थियो। त्यो वर्ष असार र असोज गरी दुई वटा बजेट ल्याइएको थियो । डा भट्टराईको राजनीतिक जीवन २०२७ सालमा तत्कालीन नेकपा (चौथो महाधिवेशन) बाट सुरु भई २०३४ मा अखिल भारत नेपाली एकता समाजको संस्थापक अध्यक्ष, २०४७ मा संयुक्त जनमोर्चाको अध्यक्ष, २०५१ सालमा तत्कालीन नेकपा (माओवादी) मा आबद्ध भएपछि २०६२ सम्म भूमिगत जीवन र त्यसपछि मूलधारको सक्रिय राजनीतिसम्म पुगेको देखिन्छ।

पूर्वअर्थमन्त्री वर्षमान पुनले नेपाली कम्युनिष्ट पार्टीबाट रोल्पा क्षेत्र नम्बर १ मा उम्मेदवारी दर्ता गर्नुभएको छ। उहाँ प्रतिनिधिसभा निर्वाचन २०७९ मा रोल्पा क्षेत्र १ बाट निर्वाचित हुनुभएको थियो । सांसदका रुपमा पहिलोपटक २०६४ सालमा संविधानसभा सदस्य बन्नुभएका पुन २०६७ सालमा शान्ति तथा पुनर्निमाण मन्त्री, २०६८ सालमा अर्थमन्त्री, २०७४ सालमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री र २०८० फागुनमा पुनःअर्थमन्त्री बन्नुभएको थियो । उहाँले आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट र आर्थिक वर्ष २०६९/७० का लागि अध्यादेशमार्फत् बजेट ल्याउनुभएको थियो।

प्रतिनिधिसभा निर्वाचन २०८२ का लागि रुपन्देही २ मा नेकपा (एमाले) बाट उम्मेदवारी दर्ता गर्नुभएका पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेल प्रतिनिधिसभा निर्वाचन २०७९ मा सोही क्षेत्रबाट निर्वाचित हुनुभएको थियो। हालसम्म पाँच पटकसम्म अर्थमन्त्री बन्नुभएका र तीन आर्थिक वर्षको बजेट ल्याउनुभएका पौडेल २०६४ र २०७० मा संविधानसभा सदस्य र २०७४ सालमा प्रतिनिधिसभा सदस्य हुनुहुन्थ्यो। हाल कार्यान्वयनमा रहेको चालु आर्थिक वर्ष २०८२/८३ को बजेट पौडेलले ल्याउनुभएको थियो । आर्थिक वर्ष २०७३/७४ र आर्थिक वर्ष २०७८/७९ को बजेट ल्याउँदा पौडेल अर्थमन्त्री हुनुहुन्थ्यो।विसं २०५१ मा पहिलोपटक सांसद बन्नुभएका पौडेल २०५३ सालमा युवा, खेलकुद तथा संस्कृतिमन्त्री, २०६५ सालमा जलस्रोत मन्त्री, २०६७ सालमा रक्षामन्त्री र २०७२ सालमा पहिलोपटक अर्थमन्त्री बन्नुभएको थियो।

प्रतिनिधिसभा निर्वाचन २०८२ का लागि सुनसरी ४ मा नेपाली कांग्रेसबाट उम्मेदवारी दिनुभएका पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की प्रतिनिधिसभा निर्वाचन २०७९ र २०७४ सालमा सोही क्षेत्रबाट प्रत्यक्षतर्फ निर्वाचित हुनुभएको थियो । उहाँले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री, कानुन न्याय तथा संसदीय मामिलामन्त्री र सञ्चार तथा सूचना प्रविधिमन्त्रीका रुपमा जिम्मेवारी निभाइसक्नुभएको छ।

पूर्वअर्थमन्त्री जनार्दन शर्माले प्रगतिशील लोकतान्त्रिक पार्टीबाट गृह जिल्ला रुकुम पश्चिमबाट उम्मेदवारी दर्ता गर्नुभएको छ । विसं २०६३ मा अन्तरिम व्यवस्थापिका संसद्, २०६४ र २०७० सालमा संविधानसभा सदस्य तथा प्रतिनिधिसभा निर्वाचन २०७४ र २०७९ सालमा रुकुम पश्चिमबाट निर्वाचित हुनुभएको थियो। विसं २०६५ मा शान्ति तथा पुनःनिर्माणमन्त्री, २०७३ सालमा ऊर्जामन्त्री, २०७४ सालमा गृहमन्त्री र २०७८ सालमा अर्थमन्त्री बन्नुभएको थियो। उहाँले आर्थिक वर्ष २०७९/८० को बजेट ल्याउनुभएको थियो।

नेपाली कांग्रेसका नेता तथा पूर्व अर्थमन्त्री डा प्रकाशशरण महत नुवाकोट १ बाट उम्मेदवारी दिनुभएको छ। उहाँले नेपाल विद्यार्थी सङ्घको महामन्त्री, राष्ट्रिय योजना आयोगको सदस्य, प्रधानमन्त्रीको सल्लाहकार, परराष्ट्रमन्त्री, ऊर्जामन्त्रीको जिम्मेवारी निभाइसक्नुभएको छ । प्रतिनिधिसभा निर्वाचन २०७९ मा उहाँ नेपाली कांग्रेसबाट समानुपातिक सांसदका रुपमा निर्वाचित हुनुभएको थियो । डा महतले आर्थिक वर्ष २०८०/८१ को बजेट ल्याउनुभएको थियो।

पूर्वअर्थ राज्यमन्त्री उदयशमशेर जबराले ललितपुर १ बाट उम्मेदवारी दिनुभएको छ । उहाँले नेपाल तरुण दलको केन्द्रीय अध्यक्षका रुपमा २०६८ देखि २०७२ सालसम्म भूमिका निर्वाह गर्नुभएको थियो । संविधानसभा सदस्य २०७० सालमा रहनुभएका राणा २०७४ सालमा अर्थ राज्यमन्त्री बन्नुभएको थियो।

निर्वाचनमा होमिएका उल्लिखित पूर्वअर्थमन्त्रीहरुलेमात्र नभई अपवादबाहेक कसैले पनि आफूले ल्याएका बजेटको आफैं कार्यान्वयन गर्न सकेनन्। आर्थिक वर्ष २०७४/७५ को बजेट तत्कालिन उपप्रधानमन्त्री तथा अर्थमन्त्री कृष्णबहादुर महराले ल्याउनुभएको थियो भने आर्थिक वर्ष २०७५/७६, आव २०७६/७७, आव २०७७/७८ मा डा युवराज खतिवडा, आर्थिक वर्ष २०७१/७२ र आव २०७२/७३ मा डा रामशरण महत र आर्थिक वर्ष २०६९/७० र २०७०/७१ आवमा शङ्करप्रसाद कोइरालाले वार्षिक बजेट ल्याउनुभएको थियो।

त्यस्तै, आव २०६८/६९ का लागि तत्कालिन उपप्रधानमन्त्री तथा अर्थमन्त्री भरतमोहन अधिकारीले बजेट ल्याउनुभएको थियो भने आर्थिक वर्ष २०६७/६८ का लागि सुरेन्द्र पाण्डे र आर्थिक वर्ष २०६५/६६ का लागि डा बाबुराम भट्टराईले बजेट पेस गर्नुभएको थियो। रासस

# धुनियाको व्यापार धरापमा, माघमा पनि माग घट्यो

विराटनगर। माघ महिना लागिसक्दा पनि सिरक र डस्ना बनाउने 'अर्डर' शून्यजस्तै भएपछि विराटनगरका धुनिया चिन्तित छन्। जाडो सुरु भएसँगै व्यस्त हुने धुनियाहरू यो वर्ष काम नपाउँदा चिन्तित भएका हुन्।

स्थानीय जनपथटोलमा अस्थायी बसोबास गर्दै आएका महमद इस्लाम विगत २३ वर्षदेखि धुनियाको काम गर्दै आउनुभएका छ। यही पेसाबाट उहाँले पाँच जनाको परिवारको पालनपोषण गर्दै आउनुभएको थियो । गत वर्षदेखि सिरक-डस्ना बनाउन आउने ग्राहक घट्दै गएपछि अहिले बिहान-बेलुकाको छाक टार्नसमेत गाह्रो हुन थालेको उहाँ बताउनुहुन्छ।

चौवन्न वर्षीय इस्लामका अनुसार अन्य मौसममा खासै काम नहुने भए पनि जाडो सुरु भएसँगै दैनिक चार सयदेखि एक हजार ५०० रुपैयाँसम्म कमाइ हुने गरेको थियो। पहिलेपहिले एकै दिनमा आठ-दशवटा सिरक-डस्ना बनाउने गरेको अनुभव सुनाउँदै उहाँ भन्नुहुन्छ, "बाबुबाजेको पालादेखि यही काम गर्दै आएको हुँ। तर यो वर्ष त पुस आधा बितिसक्दा पनि एउटा पनि माग आएन । यसरी त यो पेसाले अब खानै धान्न गाह्रो हुने देखियो।"

इस्लामजस्तै पीडा विराटनगर-तीनटोलियाका रफिक सेखको पनि उस्तै छ। धुनियाको कामबाट परिवार पाल्दै आएका सेख यस वर्ष बजारको अवस्थाले वैकल्पिक पेसा खोज्न बाध्य भएको बताउनुहुन्छ । बाबुको पेसागत बिँडो आफैँले सम्हाले पनि नौवर्षे छोरालाई भने यहीँ पेसामा नलगाउने निर्णय गरेको उहाँले बताउनुभयो।

"यो मसँगै काम गर्दै आएको थियो", छेउमै खेलिरहेको छोरातर्फ देखाउँदै सेखले भन्नुभयो, "तर अब यसलाई धुनियाको काममा राख्दिनँ। यो काम मेरो हातमै आउन छाड्यो भने यसले के गर्छ ? त्यसैले अब अरु नै काम सिकाइदिन्छु, जसले सधैँ धेरथोर कमाइ गरिरहोस्।"



जनपथटोलका महमद इस्लाम र तिनटोलियाका रफिक सेखमात्र होइन, जाडो महिना सुरु भइसक्दा पनि सिरक-डस्नाको माग नदेखिएपछि विराटनगरका धुनियाहरू मात्र होइन, यससँग जोडिएका व्यापारी पनि चिन्तित बनेका छन्।

विगतका वर्षहरूमा मङ्सिरको दोस्रो सातादेखि नै सिरक-डस्नाको कारोबार बढ्ने गरेको भए पनि यस वर्ष माघ लागिसक्दा पनि माग शून्यजस्तै रहेको व्यवसायी बताउँछन् । बाटारोडस्थित जगदम्बा वस्त्रालयका व्यवसायी दुर्गादत्त अग्रवालका अनुसार पहिले जाडो सुरु हुनासाथ रेडिमेड सिरकसमेत 'स्टक' गरेर राखिन्थ्यो।

तर अहिले ग्राहक देखाउनका लागि मात्र केही सिरक राख्नुपर्ने अवस्था आएको उहाँले बताउनुभयो।

"पहिले जाडोमा सय प्रतिशत कपास प्रयोग हुन्थ्यो", अग्रवाल भन्नुहुन्छ, "अहिले त्यसको तुलनामा १० प्रतिशत पनि प्रयोग हुँदैन। गत वर्ष मङ्सिरको दोस्रो हप्तादेखि नै माग आउँथ्यो, यसपालि त माघ लागिसक्यो, एउटा पनि माग आएको छैन।"

उहाँका अनुसार विगतका वर्षहरूमा सिरक-डस्ना बनाउन नेपाली कपासको माग उच्च हुने गरेको थियो, तर यस वर्ष पुरानो मौज्दात कपाससमेत प्रयोग हुन नसकेको अवस्था छ।

महावीररोडस्थित शिवम् इम्पोरियरका व्यवसायी विशाल शाहले पनि यस वर्ष सिरक-डस्नाको माग शून्य बराबर रहेको बताउनुभयो। "पहिले ग्राहक 'अर्डर' दिएर मात्र बनाउँथे", उहाँले भन्नुभयो, "अहिले त्यसको तुलनामा १० प्रतिशत पनि व्यापार छैन। केही वर्षअघिसम्म बजारमा सधैँ भीडभाड हुन्थ्यो।"

शाहका अनुसार पछिल्लो समय धुनियाहरू घरघरमै पुगेर सिरक-डस्ना बनाइदिने भएकाले पनि पसलमा आउने माग घटेको छ। यद्यपि, पसलमा बनाइने सिरक-डस्नामा प्रयोग हुने कपास प्रायः स्थानीय र गुणस्तरीय हुने भएकाले घरमै बनाइने भन्दा राम्रो हुने दाबी उहाँको छ।

"हामी गार्मेन्टका कतरनलाई पेलेर बनाइएको फ्रेस कपास प्रयोग गर्छौं, त्यसैले हाम्रो सामानको गुणस्तर राम्रो हुन्छ", शाहले भन्नुभयो। "सिरक-डस्ना कपडाजस्तो बर्सेनि फेर्ने सामान होइन।

त्यसैले बनाउँदा प्रयोग हुने कपासको गुणस्तरमा ग्राहकले ध्यान दिनुपर्छ।"

उहाँका अनुसार एउटा सिरक बनाउन चारपाँच केजीसम्म कपास लाग्ने गर्छ भने ग्राहकको चाहनाअनुसार कम-बढी गरेर पनि बनाइन्छ। व्यापारीका अनुसार बजारमा एक जोर सिरकको मूल्य रु एक हजारदेखि आठ हजारसम्म पर्छ भने डस्नाको मूल्य रु छ सयदेखि चारपाँच हजारसम्म पर्छ।

माग घट्दै जाँदा धुनियाको परम्परागत पेसामात्र होइन, यससँग जोडिएको स्थानीय कपास, साना व्यवसाय र श्रमिकको जीविकोपार्जनमा समस्या भएको छ। रासस

# कृषि विकास बैंकद्वारा ५९औँ वार्षिकोत्सव सम्पन्न

काठमाण्डु । कृषि विकास बैंक लिमिटेडले आफ्नो ५९औं वार्षिकोत्सव विविध कार्यक्रमका साथ मनाएको छ। कृषि क्षेत्रमा कर्जा लगानीका लागि नेतृत्वदायी बैंकका रूपमा स्थापित यस बैंकले समयक्रमसँगै व्यवसायिक योजना, कार्यशैली, व्यवस्थापकीय क्षमता तथा प्राविधिक प्रणालीमा उल्लेखनीय सुधार गर्दै आएको हो।




बैंकको केन्द्रीय कार्यालयमा आयोजित वार्षिकोत्सव समारोहमा बोल्दै बैंकका अध्यक्ष डिमप्रकाश पौडेलले बैंकिङ क्षेत्रमा आएको तीव्र परिवर्तनसँगै अघि बढ्न नयाँ प्रविधि तथा आधुनिक प्रशासनिक र बैंकिङ प्रणालीमा अभ्यस्त हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। हिजो र आजको बैंकिङ प्रणालीमा आमूल परिवर्तन आएको उल्लेख गर्दै उहाँले कृषि विकास बैंकले ती परिवर्तनलाई धेरै हदसम्म आत्मसात् गर्दै आएको बताउनुभयो।

प्रमुख कार्यकारी अधिकृत (सिइओ) गोविन्द गुरुङले बैंकले कृषि कर्जालाई पहिलो प्राथमिकतामा राख्दै ग्रामीण भेगमा बैंकिङ पहुँच विस्तारमा विशेष ध्यान दिएको जानकारी दिनुभयो । आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्ने उत्पादनमूलक क्षेत्रहरूमा कर्जा विस्तारलाई प्राथमिकतामा राखिएको उहाँको भनाइ छ। बैंकिङ सेवालाई चुस्त, दुरुस्त तथा ग्राहक केन्द्रित बनाउने उद्देश्यसहित पाँच वर्षे रणनीतिक व्यवसायिक योजना २०८१/८२ देखि आव २०८४/८५ सम्म कार्यान्वयनमा ल्याइएको पनि उहाँले जानकारी दिनुभयो।

नेपाल राष्ट्र बैंकका नियम तथा निर्देशिकाको पूर्णपालना गर्दै आर्थिक अनुशासन कायम गरिएको उल्लेख गर्दै सिइओ गुरुङले बैंकले डिजिटलाइजेसनलाई केन्द्रमा राखेर विभिन्न डिजिटल सेवा प्रवाह गरिरहेको बताउनुभयो । व्यावसायिक विविधता कायम गर्दै अन्य वाणिज्य बैंकसँग प्रतिस्पर्धी बैंकको रूपमा आफूलाई स्थापित गर्न बैंक सफल भएको उहाँको दाबी थियो।

वार्षिकोत्सवका अवसरमा बैंकले साना किसानलाई लक्षित गरी तयार गरिएको 'वान मिनेट बिजनेस प्लान' सफ्टवेयर तथा केन्द्रीय कार्यालयमा शिशु स्याहार केन्द्रको औपचारिक शुभारम्भसमेत गरेको छ। बैंकमा हाल ५१ प्रतिशत नेपाल सरकार र ४९ प्रतिशत सर्वसाधारणको शेयर स्वामित्व रहेको छ।

बैंकका अनुसार आर्थिक वर्ष २०८२/८३ मा समग्र कर्जा वृद्धि लक्ष्यको ५० प्रतिशत कर्जा कृषि क्षेत्रमा नै लगानी गरिएको छ । आर्थिक सूचकाङ्कका हिसाबले अघिल्लो आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०८१/८२ मा बैंकको कूल निक्षेप २० दशमलव ३१ प्रतिशतले वृद्धि भई रु दुई खर्ब ९३ अर्ब ३५ करोड पुगेको छ भने कर्जा प्रवाह आठ दशमलव ४० प्रतिशतले वृद्धि भई रु दुई खर्ब २४ अर्ब पुगेको छ। सो अवधिमा बैंकको निष्क्रिय कर्जा अनुपात तीन दशमलव ४४ प्रतिशत र खुद नाफा रु तीन अर्ब ७३ करोड रहेको थियो।

त्यस्तै, चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रैमाससम्म आइपुग्दा कृषि विकास बैंकको कूल निक्षेप रु तीन खर्ब २४ अर्ब ९७ करोड र कूल कर्जा प्रवाह रु दुई खर्ब ३० अर्ब २७ करोड पुगेको छ । सो अवधिसम्ममा निष्क्रिय कर्जा कूल कर्जा लगानीको तुलनामा चार दशमलव ५२ प्रतिशत रहेको बैंकले जनाएको छ। रासस

# बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपालको अध्यक्षमा श्रेष्ठ

काठमाण्डु। बैंक तथा वित्तीय संस्था परिसङ्घ, नेपाल (सिबिफिन) ले नयाँ नेतृत्व पाएको छ। सिबिफिनको अध्यक्षमा हिमालयन बैंकका अध्यक्ष प्रचण्डबहादुर श्रेष्ठ सर्वसम्मत चयन हुनुभएको हो।

परिसङ्घका कार्यवाहक अध्यक्ष राजेश उपाध्यायको अध्यक्षतामा मङ्गलबार बसेको कार्यसमितिको १५औं बैठकले श्रेष्ठलाई अध्यक्षका रूपमा चयन गरेको सिबिफिनका महानिर्देशक महानिर्देशक रोशन कोइरालाले जानकारी दिनुभयो।

निर्वतमान अध्यक्ष उपेन्द्र पौडेल नबिल बैंकको गत पुसमा सम्पन्न साधारणसभाबाट सञ्चालक समितिका रूपमा नरहेपछि उक्त पद रिक्त भएको थियो। सिबिफिनको विधानअनुसार कार्यसमितिको पदाधिकारी वा सदस्य निजले प्रतिनिधित्व गर्ने बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिबाट बहिर्गमन भएसँगै सिबिफिन कार्यसमितिमा बहाल पद स्वतः समाप्त हुने व्यवस्था छ। नेपाली बैंकिङ क्षेत्रमा दुई दशकभन्दा बढी समयदेखि क्रियाशील रहँदै आउनुभएका श्रेष्ठ यसअघि महासचिव हुनुहुन्थ्यो।रासस

# मधेशी दलको चुनावी मोर्चा शब्दमै सीमित




**टुडे समाचारदाता**

जनकपुरधाम । केही महिनाअघि चुनावी तालमेल गर्न गठित मधेस केन्द्रित दलहरुको संघीय लोकतान्त्रिक मोर्चा निर्वाचनमा एकअर्काका प्रतिष्पर्धी नै बनेका छन् ।

चुनावको घोषणा हुने बित्तिकै मोर्चाको बैठक बसेर मोर्चामा रहेका दलहरूको बिचमा चुनावी तालमेल हुने निर्णय गरेको थियो । तर अन्तिमसम्म प्रयास गर्दा पनि सहमति हुन नसकेपछि नेताहरू एक अर्काविरुद्ध भिडेका छन् ।

मोर्चामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी नेपाल, डा.सिके राउत नेतृत्वको जनमत पार्टी र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी नेपाल रहेका छन् । तर, यी दलहरूको बिचमा कतै तालमेल नभएको हो ।

त्यही कुरा मिलाउन प्रयास गर्दा सिके राउत र उपेन्द्र यादव बिच कुरा नमिल्दा उपेन्द्र यादव सप्तरी-२ छाडेर सप्तरी-३ मा गए । मोर्चामा सहमति बन्न नसकेपछि यस्तो समस्या आएको बताइएको छ ।

सप्तरी-२ मा सिके राउत उठेका छन् । त्यहाँ जसपा नेपालले उमेश यादवलाई उठाइ दिएको छ भने उपेन्द्र यादवको उठेको सप्तरी-३ मा जनमत पार्टीले सुरेन्द्र मधेशीलाई उठाइ दिएको छ । यता सर्लाही-२ मा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले उम्मेदवारी दिएका छन् । त्यहाँ जसपा नेपालले भरत चौधरीलाई टिकट दिएको छ । जनमत पार्टीले पनि आफ्नो उम्मेदवार उठाएको छ ।

राष्ट्रिय मुक्ति पार्टी नेपालले उपेन्द्र यादव उठेको सप्तरी-३ मा गजेन्द्र मण्डललाई उठाएको छ भने जनमत पार्टीका अध्यक्ष सिके राउत उठेको सप्तरी-२ मा अनीश अन्सारीलाई उठाएको छ । यसरी देशैभरि मोर्चामा रहेका दलका नेताहरू विरुद्ध मोर्चामै रहेका दलका नेताहरू उम्मेदवारी दिएका छन् । जसपा नेपालका नेता रामकुमार शर्माले मोर्चामा समय अभावका कारण सहमति हुन नसकेको र दलहरूले आआफ्नो उम्मेदवारी दर्ता गराएको बताए ।

यता मधेसी मोर्चा एक ढिक्का नरहेको भन्दै जसपा नेपालका नेता डा. शिवजी यादवले पार्टी नै छाडेका छन् ।

लोकतान्त्रिक मोर्चाको सचिवालय संयोजक समेत रहेका उनले जुन उद्देश्यका लागि मोर्चा गठन भएको थियो, त्यसमा कोही अडिग नरहेको बताए । उनले मोर्चा एक ढिक्का रहन नसक्नुमा आफूलाई समेत दोष देखाउँदै मोर्चाका साथै जसपा नेपालको साधारण सदस्य समेत छाडेर रास्वपा नेपालमा प्रवेश गरेको बताए ।

राष्ट्रिय मुक्ति पार्टीका महासचिव सन्तोष मेहताले चुनावमा मोर्चा तालमेल गर्न नसक्नु दुखद रहेको बताए । संघीय, लोकतान्त्रिक गणतन्त्र बचाउनका लागि दलहरूको बिचमा एकता हुनु जरुरी रहेको भएपनि त्यसो हुन नसकेको उनले बताए ।

# सहज छैन डा. सिके राउतलाई चुनावी प्रतिस्पर्धा

**टुडे समाचारदाता**

जनकपुरधाम । फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनमा रोचक प्रतिष्पर्धा हुने भएको छ । जहाँ ६/६ जना राष्ट्रिय अध्यक्ष नै चुनावी प्रतिस्पर्धामा उत्रेका छन् ।

नेपाली कांग्रेसका अध्यक्ष गगन थापा, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष डा. सिके राउत, जनअधिकार पार्टीका अध्यक्ष डा. शरद यादव र आम जनता पार्टीका अध्यक्ष प्रभु साह चुनावमा होमिएका छन् ।

तर सबैभन्दा बढी रोचक सर्लाही क्षेत्र नं. ४ जहाँ कांग्रेस सभापति थापा र रास्वपा वरिष्ठ नेता बालेन शाहलाई प्रधानमन्त्री संकल्पसहित अमरेश सिंहबीचको प्रतिस्पर्धा देखिन्छ । थापा पार्टी सभापति हुन भने सिंह पुरानो कांग्रेसीसहित आफ्नो पकड बनाएका नेता हो । उपेन्द्र यादवलाई सप्तरी ३ मा यस पटकको निर्वाचनमा हेभीवेट उम्मेदवार नभएकाले खासै असर नपर्ने देखिन्छ ।

तर पछिल्लो निर्वाचनमा प्रतिष्पर्धी जसपा नेपाल अध्यक्ष यादवभन्दा दोब्बर भन्दा बढी मत ल्याएर विजयी भएका जनमत पार्टीका अध्यक्ष डा. सिके राउतलाई यस पटक असहज परिस्थिति रहेको देखिन्छ । उनी सप्तरी क्षेत्र नं. २ बाट उम्मेदवार हुन । यहाँका उनका प्रतिष्पर्धी आफ्नै पार्टीका प्रवक्ता र मुख्यमन्त्रीसँग हुनेछ ।

परिवारवादका आरोप लगाउँदै पार्टीबाट अलग भई स्वाभिमान भन्ने छुट्टै पार्टी गठन गरेका पूर्व मुख्यमन्त्री सतिश सिंह, जनअधिकार पार्टीबाट प्रवक्ता डा. यादवसँग उनको प्रतिष्पर्धा देखिन्छ । यी बाहेक गत निर्वाचनमा प्रमुख प्रतिष्पर्धी रहेका जसपा नेपालबाट तत्कालिन माओवादी नेता उमेश यादवले पनि टक्कर दिने सम्भावना छ ।



यस पटकको निर्वाचनमा जनमत पार्टीको गढ मानिएको सप्तरी २ मा राउत, सिंह र यादवबीच त्रिकोणात्मक प्रतिष्पर्धा हुने देखिन्छ । हुनत प्रमुख राजनीतिक दल कांग्रेस, एमाले, नेकपा, जनअधिकार पार्टी र बालेन क्रेज भएका रास्वपाले पनि उम्मेदवार दिएका छन् । तर तिनीहरुले खासै असर पार्छ भन्ने त्यहाँको स्थानीयको बुझाई छ ।

यी तीनजना बाहेक निर्वाचनमा एमालेबाट मो. जियाउल रहमान, कांग्रेसबाट रामकुमार यादव, नेकपाबाट सुर्यनाथ यादव र रास्वपाबाट रामजी यादव उम्मेदवार छन् । गत निर्वाचनमा सारथीको रुपमा काम गरेका पूर्वमुख्यमन्त्री सिंह प्रदेश सभातर्फ सप्तरी क्षेत्र नम्बर २ (क) बाट १६ हजारभन्दा बढी मत ल्याएर विजयी भएका उम्मेदवार हुन् ।

जनमतको प्रवक्ता रहिसकेका डा. यादव पहिलो पटक निर्वाचन लड्दैछन् । तर उनले पनि राम्रै मत काट्न सक्ने सम्भावना छ । किनकी डा. राउतका सल्लाहकार र संगठन विस्तारका प्रमुख योजनाकारको रुपमा काम गरिसकेकाले जनमतमा उनको राम्रो पकड छ ।

उनीमाथि पार्टी भित्रैबाट दाई जयकान्त राउतलाई राष्ट्रिय योजना आयोग सदस्य र पार्टी वरिष्ठ उपाध्यक्ष, भाउजु बबिता इशर राउतलाई प्रदेश सांसदसहित उपसभामुख र पार्टी विशिष्ट उपाध्यक्ष लगायतका अन्य नातेदारहरुलाई तलब आउने विभिन्न निकायमा करार तथा अस्थायीमा नियुक्ति गरेको लगायतका आरोप लाग्दै आएको छ ।

डा. राउतमाथि पार्टीलाई परिवारमा सिमित राखेको आरोपले स्वाभिमान पार्टी, जनअधिकार पार्टी, सर्वोदय र जनस्वराज पार्टी सहित पांच टुक्रामा विभाजित भएका छन् । श्रीमति सोनी सिन्धु रानीसँग अदालतसम्म पुगेको घटनाले पनि चुनावमा असर पार्ने आंकलन गरिदैछ ।

प्रदेश सभा २ (क) मा राम्रो पकड बनाएका पूर्व मुख्यमन्त्री सिंहको छिन्नमस्ता, तिलाठी कोइलाढी, महदेवा र राजविराजसहित ४ पालिकाका १९ वटा वडामा उनले डा. राउतलाई राम्रै प्रभाव पार्नेछ । तर प्रदेश सभा २ (ख) जनमत पार्टीका महेश यादवको क्षेत्र भएकाले अन्य उम्मेदवारभन्दा बढी मत आउने सम्भावना देखिन्छ ।

जसपा नेपालबाट उम्मेदवार बनेका तत्कालिन माओवादी केन्द्रका नेता उमेश यादव पनि प्रमुख प्रतिष्पर्धीमध्ये एक रहने छ । उमेश यादवसँग सो क्षेत्रमा जसपा नेपाल, लोसपा नेपाल र माओवादी दुवैको संगठनको मत छ । पछिल्ला निर्वाचनमा प्रदेश सभा क्षेत्र २ (ख) बाट जनमत पार्टीकै महेश यादवसँग ७ हजार २३ मत ल्याई पराजित भएका थिए । हुनत यसअघि उनी २०७० सालको संविधान सभामा क्षेत्र नम्बर ३ बाट विजयी भइसकेका छन् ।

यी तीन उम्मेदवार बाहेक डा. राउतलाई अन्य प्रमुख दलले खासै पार्न नसक्ने अवस्था छ । कांग्रेसले रामकुमार यादवलाई उम्मेदवार बनाएका छन् । हुनत उनी पार्टी तत्कालिन जिल्ला उपाध्यक्ष हुन् । तर जनतामा खासै पकड रहेको छैन र उनी पहिलो पटक चुनाव लड्दैछन् ।

गत दुई दिनअघि मात्रै मधेशमा बढेको रास्वपा वरिष्ठ नेता बालेन शाहको क्रेजले पनि हेवीवेट उम्मेदवार नभएका कारण खासै नरहेको त्यहाँका स्थानीय नेताहरुको भनाई छ । रास्वपाले रामजी यादवलाई उम्मेदवार बनाएका छन् । ईन्जनीयर पेशाबाट उनी आबद्ध छन् ।

## नेपाल प्रतिवादी रहेको पतञ्जलीको फाइल झिकाउन आदेश

**टुडे समाचारदाता**

काठमाण्डू । नेकपाका वरिष्ठ नेता माधव नेपाल प्रतिवादी रहेका पतञ्जलि योगपीठ तथा आयुर्वेद कम्पनी नेपालसँग सम्बन्धित जग्गा कारोबारमा भएको भनिएको अनियमिततासम्बन्धी भ्रष्टाचार मुद्दामा विशेष अदालतले आवश्यक मिसिल झिकाउन आदेश दिएको छ ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र न्यायाधीश हेमन्त रावल सम्मिलित इजलासले मुद्दाको



सुनुवाइका क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँग सम्बन्धित कागजात र मिसिल पेश गर्न निर्देशन दिएको हो ।

मुद्दा विचाराधीन अवस्थामा रहेकाले प्रमाण तथा अभिलेखको अध्ययन आवश्यक ठहर गर्दै अदालतले यस्तो आदेश जारी गरेको जनाइएको छ । माधवकुमार नेपाल प्रतिनिधि सभा निर्वाचनको उम्मेदवारी दिएर रौतहटमा चुनावी गतिविधिमा संलग्न रहेको समयमा नै विशेष अदालतमा यस मुद्दाको पेशी तोकिएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत जेठ २२ गते पतञ्जलि जग्गा प्रकरणमा नेपालसहित ९३ जनालाई प्रतिवादी बनाएर विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

# ठूलादेखि साना पार्टीमा परिवारवाद

**टुडे समाचारदाता**

जनकपुरधाम । फागुन २१ हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) नेपालका वरिष्ठ नेता महन्थ ठाकुर आफू समानुपातिक तर्फ र छोरी मिनाक्षी ठाकुरलाई प्रत्यक्षतर्फ उम्मेदवार बनाएपछि चर्को आलोचना भइरहेको छ ।

उनीमाथि परिवारवादको आरोप लागिरहेको छ । ठाकुरलाई महोत्तरी ३ बाट उम्मेदवार बनाइएको छ । यसअघि उनले सम्धी र सम्धिनी समेतलाई समानुपातिकतर्फ सांसद बनाइसकेको आरोप समेत लाग्दै आएको छ ।



तर यस पटकको निर्वाचनमा परिवारवादको आरोपबाट अन्य हेभीवेट नेताहरु पछुतो रहन सकेको छैन । उम्मेदवारी दिने मध्ये एउटै परिवारका एक भन्दा बढी सदस्य अन्य दलहरुबाट उम्मेदवार बनाइएको छ । नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधिले आफू प्रत्यक्षतर्फ धनुषा ३ बाट उम्मेदवार भएका छन् भने भाञ्जी निणु कर्णलाई समानुपातिकतर्फ उम्मेदवार बनाउंदा आलोचना खेप्नु परिरहेको छ । आम जनता पार्टी (आजपा) बाट ऋषि धमला र धमला पत्नी एलिजा गौतम दुवै उम्मेदवार छन् । ऋषिले रौतहट-४ बाट प्रत्यक्षमा उम्मेदवारी दिएका छन् । एलिजा आजपाको समानुपातिक सूचीमा छिन् ।

एमालेले धनुषामा श्रीमान्-श्रीमती दुवैलाई उम्मेदवार बनाएको छ । धनुषा-३ मा जुलीकुमारी महतो र धनुषा-४ मा रघुवीर महासेठ उम्मेदवार छन् । जुली र रघुवीर महासेठ श्रीमान-श्रीमती हुन् । महासेठ तीन पटक संघीय सांसद् हुन् । जुलीकुमारी २०६४ मा संविधानसभा सदस्य थिइन् । २०७० मा पराजित भइन् । २०७४ र २०७९ धनुषा ३ बाटै प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएकी थिइन् ।

कांग्रेसका सभापति गगन थापा सर्लाही ४ बाट उम्मेदवार छन् भने आफ्ना ससुरा अर्जुनरसिंह केसीलाई समानुपातिक उम्मेदवार बनाएका छन् । केसी बहुदल आए लगत्तै सांसद भएका नेता हुन् । २०४८ र २०५१ को चुनाव जिते । २०५२ मा स्वास्थ्य मन्त्री नै भए । २०५६ मा एक पटक भौतिक योजना तथा निर्माण मन्त्री र अर्को पटक शिक्षा मन्त्री भए । २०६३ सालमा पुर्नस्थापित संसद्मा पनि थिए । २०६३ मा सहरी विकास मन्त्री भए । २०७० र २०७९ मा पनि सांसद भए । फेरि पनि उनी समानुपातिक उम्मेदवार छन् ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'कै घरबाट तीन जनाले प्रत्यक्ष तर्फ उम्मेदवारी दिएका छन् । उनी रुकुम पूर्वबाट प्रत्यक्षतर्फ उम्मेदवार छन् । नेकपाबाटै प्रचण्डकी छोरी रेणु दाहाल चितवन निर्वाचन-३ बाट र बुहारी बिना मगर कञ्चनपुर-१ बाट उम्मेदवार छन् ।

नेपाली कांग्रेसको समानुपातिक सूचीमा रोमी गौचन थकाली छन् । उनकै छोरा योगेश गौचनले मुस्ताङबाट प्रत्यक्ष उम्मेदवारी दिएका छन् । मुस्ताङबाट रोमी गौचनले २०५६ र २०७० मा चुनाव जितेका थिए । उनले २०६४ र २०७४ मा भने पराजय बेहोरे । रोमीका छोरा योगेश गौचनले २०७९ देखि चुनाव लड्न थालेका छन् ।

महोत्तरी क्षेत्र नम्बर २ मा जसपा नेपालबाट शरतसिंह भण्डारी प्रत्यक्ष तर्फ उम्मेदवार छन् । भण्डारीका ज्वाईं विराजभक्त श्रेष्ठ काठमाडौं-८ मा प्रत्यक्षतर्फ उम्मेदवार छन् । ४४ वर्षदेखि उम्मेदवार रहँदै आएका भण्डारीले २०३८ र २०४३ सालमै राष्ट्रिय पञ्चायतको चुनाव जितेका थिए । २०४५ सालमा मन्त्री भएका उनी बहुदल र गणतन्त्र कालमा पटक-पटक सांसद र मन्त्री भएका छन् ।

एमालेनेताशेरबहादुरतामाङले सिन्धुपाल्चोक-२ बाट उम्मेदवारी दिएका छन् । उनकी श्रीमती उषाकला राई समानुपातिकमा परेकी छिन् । उषाकलाको नाम आदिवासी जनजाति महिलाको चौथो नम्बरमा छ । नेकपाका नेता देवेन्द्र पौडेल नवलपरासी-२ बाट उठेका छन् । उनकी श्रीमती बलावती शर्माको नाम समानुपातिकमा खस आर्य महिलातर्फ पहिलो नम्बरमा छ ।

राप्रपाबाट रुपन्देही-१ मा प्रज्वल बोहरा उम्मेदवार छन् भने रुपन्देही-३ मा गौरव बोहराले उम्मेदवारी दर्ता गरेका छन् । यी दुवै दाजुभाइ हुन् । उनीहरू पूर्व मन्त्री दीपक बोहराका छोराहरू हुन् । दाजुभाई नै उम्मेदवार भएको अर्को क्षेत्र हो- डोल्पा । जहाँ सहोदर दाजुभाइ धनबहादुर बुढा नेकपा र कर्णबहादुर बुढा नेपाली कांग्रेसबाट उम्मेदवार छन् । फरक-फरक पार्टीबाट उम्मेदवार भएकाले यो क्षेत्रमा दाजुभाईकै बीचमा प्रतिस्पर्धा छ ।

धनबहादुर बुढा र कर्णबहादुर बुढा दाजुभाई पनि उम्मेदवार छन् । धनबहादुर २०७० २०७४ र २०७९ मा यही क्षेत्रबाट विजयी भएका थिए । कर्णबहादुर बुढा भने पहिलो पटक चुनाव लड्दैछन् । उनी नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट सहमहामन्त्री बनेका केन्द्रीय स्तरका नेता हुन् ।

यी दाजुभाईको सुरुको राजनीतिक आवद्धता भने एउटै दलमा थियो । कांग्रेसका सहमहामन्त्री कर्णबहादुर बूढा राप्रपा हुँदै नेपाली कांग्रेसमा पुगेका हुन् । धनबहादुर बूढा राप्रपा, एमाले, एकिकृत समाजवादी हुँदै हाल नेपाली कम्युनिस्ट पार्टीमा आबद्ध छन् ।

# सशस्त्र प्रहरी दिवसमा रक्तदान

**टुडे समाचारदाता**

रौतहट । २५औँ सशस्त्र प्रहरी दिवस २०८२ (रजत महोत्सव) को अवसरमा सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण हे.क्वा. रौतहटद्वारा आयोजीत रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

सशस्त्र प्रहरी बल, नेपालको स्थापना दिवसलाई भव्य रूपमा मनाउने सिलसिलामा बुधवार गणको प्राङ्गणमा प्रादेशिक अस्पताल गौरसँग आवश्यक समन्वय गरी रक्तदान कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रममा सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी रामहरि अधिकारीसहित कार्यालयमा कार्यरत १४ जना



सशस्त्र प्रहरी कर्मचारीहरूले रक्तदान गरेका छन् ।

रजत महोत्सवको अवसरमा सशस्त्र प्रहरी बल, नेपालका विभिन्न कार्यालयहरूले देशभर सीमाबासीसँग सशस्त्र प्रहरी कार्यक्रम, अस्पतालका बिरामीलाई फलफूल वितरण, स्वास्थ्य शिविर सञ्चालन, अशक्त, गरिब तथा वृद्धवृद्धालाई न्यानो कपडा तथा खाद्यान्न वितरण लगायतका कार्यक्रम गर्दै आएको छ ।

यस्तै मठमन्दिर सरसफाइ, स्थानीय समुदायमा चेतनामूलक कार्यक्रम, विद्यालयस्तरमा निबन्ध लेखन र वक्तृत्वकला प्रतियोगिता तथा समकक्षी निकायसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिता लगायत विविध सामाजिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको सशस्त्र प्रहरी रौतहटका प्रवक्ता डिएसपी दीपेन्द्र थापाले बताएका छन् ।

## चैत १९ देखि एसईई परीक्षा



**टुडे समाचारदाता**

जनकपुरधाम । यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) आगामी चैत १९ गतेदेखि २९ गतेसम्म हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले बुधबार परीक्षा तालिका सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो । तालिकाअनुसार चैत १९ गते पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुनेछ ।

त्यसपछि चैत २० गते अनिवार्य नेपाली, २२ गते अनिवार्य गणित, २३ गते विज्ञान तथा प्रविधि, २४ गते सामाजिक अध्ययन विषयको परीक्षा सञ्चालन हुनेछ। चैत २५ गते ऐच्छिक प्रथम खण्डका सबै विषय र चैत २६ गते ऐच्छिक द्वितीय खण्डका सबै विषयको परीक्षा तोकिएको छ ।

बोर्डका परीक्षा नियन्त्रक टुकराज अधिकारीका अनुसार चैत २७, २८ र २९ गते प्राविधिक धारतर्फका बाँकी विषयहरूको परीक्षा सञ्चालन हुनेछ ।

**बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्दा ध्यान दिऔं ।**

- बाह्य विज्ञापन (होर्डिङ्ग बोर्ड) राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहको अनुमति लिऔं ।
- अनुमति लिंदा होर्डिङ्ग बोर्ड राख्ने स्थान र आकार प्रकारबारे उल्लेख गरौं ।
- होर्डिङ्ग बोर्ड राख्न उपयुक्त भए नभएको स्थानीय तहले जाँचबुझ गरेरमात्र अनुमति प्रदान गरौं ।
- शहर तथा घना बस्तीमा होर्डिङ्ग बोर्ड राखिने भएकोले जिउ धनको क्षति हुने/नहुने प्राविधिक निरिक्षण गराऔं ।
- अनुमति दिँदानै तोकिएको शुल्क प्राप्त गरौं ।
- बाह्य विज्ञापन गर्दा अनुमति शुल्क, नविकरण शुल्क, बहाल वा बहालकर तथा विज्ञापन कर संकलन गरौं ।
- बाह्य विज्ञापनलाई स्थानीय तहको आम्दानीको स्रोतको रुपमा विकास गरौं ।
- बाह्य विज्ञापनको लागि विज्ञापन (नियमन गर्ने) एने, २०७६ अनुरुप स्थानीय तहले विज्ञापन ऐन निर्माण गरौं ।

स्थानीय तहको आम्दानी वृद्धि गरौं, गाउँ तथा शहर सुन्दर बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रदेश सभा वार्षिकोत्सवका लागि बैठक

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाले मनाउन लागेको ८ औं वार्षिकोत्सव आयोजना मूल समारोह समितिका संयोजक तथा विभिन्न उपसमितिका संयोजकहरूबीच संयुक्त बैठक सम्पन्न भएको छ ।

बैठकमा आठौं वार्षिकोत्सव कार्यक्रमको तयारी, व्यवस्थापन र समन्वयका विविध पक्षमा विस्तृत छलफल गरिएको हो । कार्यक्रमलाई गरिमामय, समावेशी र प्रदेश सभाको गरिमालाई झल्काउने ढंगले सम्पन्न गर्ने विषयमा सहभागीहरूले आ-आफ्ना सुझाव प्रस्तुत गरेका थिए ।



बैठकमा बोल्दै सभामुख रामअशिष यादवले मधेश प्रदेश सभाको आठौं वार्षिकोत्सव औपचारिक कार्यक्रम मात्र नभई संघीय लोकतान्त्रिक अभ्यास, विधायिकी सुदृढीकरण र प्रदेश सभाको उपलब्धि जनतासामु प्रस्तुत गर्ने महत्वपूर्ण अवसर भएको बताए ।

उनले भने, 'वार्षिकोत्सवले प्रदेश सभाको भूमिका, जिम्मेवारी र उपलब्धिलाई जनतासम्म पुऱ्याउनुपर्छ । त्यसका लागि सबै उपसमितिबीच प्रभावकारी समन्वय आवश्यक छ ।'

सभामुखले कार्यक्रमको तयारीमा समय व्यवस्थापन, अतिथिहरूको समुचित व्यवस्थापन, प्रचारप्रसार र सुरक्षा व्यवस्थामा विशेष ध्यान दिन निर्देशन दिए । साथै, सबै उपसमितिलाई तोकिएको जिम्मेवारी समयमै पूरा गर्न आग्रह गर्दै सफल आयोजनाका लागि सामूहिक प्रयास अपरिहार्य रहेको बताए ।

बैठकमा सहभागी संयोजकहरूले सभामुखको निर्देशनअनुसार आ-आफ्नो क्षेत्रबाट आवश्यक तयारीलाई तीव्र बनाउने प्रतिबद्धता जनाएका छन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८